कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

Solu Hydropower Limited

सोलु हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड ठेगाना : त्रिवेणी कम्पलेक्स, का.म.न.पा.वडा नं.२८, पुतलीसडक, काठमाण्डौं
फोन नं. ०१-५३४२३१७
इमेलः info@soluhydro.com वेवसाइटः www.soluhydro.com

को

(धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. १०,००,००,००,०००/-(अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) को २०% अर्थात् रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २,००,००,०००/- (अक्षरेपी दुई करोड मात्र) कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये सोलुखुम्बु जिल्लाको आयोजना प्रभावित क्षेत्रको लागि छुट्याइएको १,००,००,००० कित्ता मध्ये आयोजना अति प्रभावित क्षेत्र सोलु दुधकुण्ड नगरपालिकाको वडा नं ७, ११ र थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं १ को स्थानीय बासिन्दाहरुका लागि ४०% अर्थात् ४०,००,००० कित्ता र प्रभावित क्षेत्र सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाउँपालिकाका अति प्रभावित वडाहरु बाहेक अन्य वडाहरुलाई ३५% अर्थात् ३५,००,००० कित्ता तथा अति प्रभावित र प्रभावित क्षेत्र बाहेकका सम्पूर्ण सोलुखुम्बु जिल्लाका वासिन्दाहरुका लागि २५% अर्थात् २५,००,००० कित्ता साधारण शेयर निष्काशन गरी बिक्रि गरिनेछ र बाँकी १०% अर्थात रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अंकित दरको १,००,००,००० -अक्षरेपी एक करोड मात्र) कित्ता साधारण शेयरको १०% अर्थात १०,००,००० (दश लाख) कित्ता साधारण शेयर नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि, ५% अर्थात ५,००,००० (पाँच लाख) कित्ता साधारण शेयर सामूहिक लगानी कोष र ३% अर्थात ३,००,००० (तीन लाख) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि छुट्टाइएको र बाँकी ८२,००,००० (बयासी लाख) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिने छ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, कर्मचारी, सामूहिक लगानी कोष तथा नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरु लागि छुट्याएको शेयर बिक्री नभएमा सर्वसाधारणलाई निष्काशन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ।

आयोजना प्रभावित क्षेत्र	छुट्याइएको प्रतिशत	छुट्याइएको शेयर संख्या (कित्ता)	पूँजी रकम (रु.)
अति प्रभावित क्षेत्र (सोलुखुम्बु जिल्ला सोलु दुधकुण्ड नगरपालिका वडा नं.७, वडा नं.११ र थुलुङ दुधकोशी गाँउपालिका वडा नं.१)	४०%	४,०००,०००	४००,०००,०००
प्रभावित क्षेत्र (माथि उल्लेखित नगरपालिका र गाँउपालिकाका वडाहरु बाहेकका सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाँउपालिका)	३५%	३,५००,०००	३५०,०००,०००
माथि उल्लेखित नगरपालिका र गाँउपालिकाका वडाहरु बाहेक सम्पूर्ण सोलुखुम्बु जिल्ला वासीहरु	२५%	२,५००,०००	२५०,०००,०००
जम्मा	**१००%**	**१०,०००,०००**	**१,०००,०००,०००**

दरखास्त फारम साथ प्रति साधारण शेयर अंकित मुल्य रु. १००/- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको।

संक्षिप्त वित्तिय विवरण

विवरण	वास्तविक (NAS अनुसार)			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व. २०८१/८२ आषाढ मसान्त *	आ.व. २०८२/८३ *	आ.व. २०८३/८४*	आ.व. २०८४/८५ *
प्रति शेयर नेटवर्थ (रु.)	९९.९५ #	९९.९६	१००.२१	१३५.४५	१३७.८७	१५०.१८	१६३.२७
प्रति शेयर आम्दानी (रु.)	०.०५	(०.०१)	०.२३	३.३९	९.५१	१२.३१	१३.०८
प्रति शेयर नेटवर्थ (रु.) **	-	-	-	१००.२	१०९.५	१२१.८	१३४.९
प्रति शेयर आम्दानी (रु.)**	-	-	-	०.०२	९.३०	१२.३१	१३.०८
जगेडा तथा कोष (रु.)	(२,५१४,६७३)	(२,७७८,६२३)	१५,८९६,३८४	२,८३५,७५९,१४६	३,७८७,१३४,८४४	५,०१८,२१८,५०६	६,३२६,५३८,०६५

* NFRS अनुसारको व्यवस्थापन र लेखापरिक्षक बाट प्रमाणित असार मसान्तको अपरिष्कृत वित्तिय विवरण तथा प्रक्षेपित विवरण। ** IFRIC 12 को आम्दानी घटाई आउने प्रति शेयर नेटवर्थ र प्रति शेयर आम्दानी।

नोट : कम्पनीको आ.व.२०८०/८१ का वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) मा Restated (व्यवस्थापन र लेखापरिक्षकबाट प्रमाणित) गरेको र सो सम्वन्धी व्यहोरा विवरणपत्रको पृष्ठ नं. ३३ मा पेश गरिएको छ। आ.व. २०७९/८० र आ.व. २०७८/७९ को वित्तीय विवरण NFRS मा Restated नगरिएको यदि गरिएको भए NFRS र NAS लेखा सिद्धान्त अनुरुप तयार गरिएको वित्तीय विवरणमा केही अंक र प्रस्तुतीकरणमा फरक देखिने सम्भावना रहेको छ।

सोलु हाइड्रोपावर लिमिटेडको आर्थिक वर्ष २०७८/७९ मा अधिकृत पुँजी रु ५ अर्ब रहेको थियो, जुन ५ करोड कित्ता शेयरहरू (प्रति शेयर दर रु १०० /-) मार्फत निर्धारण गरिएको थियो। सोही आर्थिक वर्षको अषाढ मसान्तसम्ममा कम्पनीको चुक्ता पुँजी रु २,६५,३५,३४,६९४ रहेको थियो, जुन प्रति शेयर रु ५३.१ का दरले चुक्ता भइसकेको रकम हो। आर्थिक वर्ष २०७८-७९ को अन्त्यसम्म कुल चुक्ता पुँजीको आधारमा नेटवर्थ गणना गर्दा, कम्पनीको कुल नेटवर्थ रु ५३ करोड रहेको देखिन्छ यस नेटवर्थलाई प्रति कित्ता रु ५३.१ चुक्ता पुँजीका आधारमा रूपान्तरण गर्दा, प्रति कित्ता शेयरको नेटवर्थ रु ९९.९१ पुगेको छ।

आयोजनाको नाम	कुल अनुमानित लागत रकम करोडमा (रु.)	प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.स.)	विद्युत उत्पादन अनुमति बहाल रहने मिति (वि.स.)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि
तल्लो सोलु जलविद्युत आयोजना	रु.१,६३०.४० *	रु.१९.८८	२०७०/१२/०५	२१०६/१२/०४	२५ वर्ष	७.६८ वर्ष	१२.०९ वर्ष

* कुल अनुमानित लागत रकम Interest During Construction, IDC सहित भएको।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्वन्धी निर्णय लिन महत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "विवरणपत्र" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) पृष्ठ नं. ६२ र ६३ को दफा ग. २४ मा प्रस्तुत गरेका छौं।

लगानीमा हुने जोखिम सम्वन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्न गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ २६ र २७ ,दफा ग.८. मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्वन्धी निर्णय लिन सुझाव गरिन्छ।

नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशन का लागि तयार गरिएको यस विवरण-पत्रलाई धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणवाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशन कर्ता वा परियोजनाको आर्थिक सक्षमताको वारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुका लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन। सामुहिक लगानी कोषको हकमा भने शेयर बाँडफाँड भएका ६ महिनाको अवधि पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण:

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त इन्फोमेरिक्स क्रेडिट रेटिङ्गस नेपाल लिमिटेड (Infomerics Credit Ratings Nepal Ltd), काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०३/२६ गते"IRN BB+ (IS) (Double B [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्वन्धमा मध्यम मात्रामा सुरक्षित मानिन्छ (moderate risk of default regarding timely servicing of financial obligation)। इन्फोमेरिक्स क्रेडिट रेटिङ्गस नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा -(घटाउ) चिन्हले सम्वन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। यस सम्वन्धि विवरण पत्रको **पृष्ठ ५८ ,दफा ग.२२ (ट)** उल्लेख गरिएको छ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०३/२६ क्रेडिट रेटिङ्ग वहाल रहने मिति : २०८३/०३/१०

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति:२०८२/०७/२४ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति:२०८२/०७/२५

विद्युत नियमन आयोगबाट स्वीकृती प्राप्त भएको मिति : २०८०/०६/२२

धितोपत्र निष्काशन खुल्ला हुने मिति :

पहिलो चरण

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
निष्काशन खुल्ला हुने मितिः २०८२/०८/०७	निष्काशन खुल्ला हुने मितिः २०८२/०८/०७
निष्काशन बन्द हुने मिति (छिटोमा) :२०८२/०८/२१	निष्काशन बन्द हुने मिति (छिटोमा) :२०८२/०८/१०
निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/०९/०७	निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०८२/०८/२१

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड
तेस्रो तला, मेन्जुल प्लाजा, सातघरे पीर, बकुल, कादमडौं, फोन: ४०११८०४, ४०११८११
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
पी.एन. ४५१८, बागबजार, बागमती, फोन: ०१-५९१०५७५
इमेल: info@himalayancapital.com,
वेवसाइट: www.himalayancapital.com

ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी सोलु हाइड्रोपावर लिमिटेड, का.म.न.पा. वडा नं २८, पुतलीसडक, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशन (उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको विवरण-पत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशन को क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्छ ।

ज) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सोलु हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले लगानीको लागत उठाउन लाग्ने आवश्यक समय सम्झनु पर्दछ ।

ट) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय सम्झनु पर्दछ ।

ठ) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई सम्झनु पर्दछ ।

ड) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ ।

ढ) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुलाई जनाउँछ ।

त) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

थ) **"आधारभुत शेयरधनी"** भन्नाले यस संस्थाको चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको कुनै पनि शेयरधनीलाई सम्झनु पर्छ ।

द) **"स्थानियबासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात् सोलुखुम्बु जिल्लामा स्थायी बसोबास गर्ने स्थानिय बासिन्दाहरुलाई जनाउँछ ।

ध) **"आयोजना अति प्रभावित क्षेत्र"** भन्नाले तल्लो सोलु जलविद्युत आयोजना निर्माण भएको सोलुखुम्बु जिल्लाको जिल्लाको सोलु दुधकुण्ड नगरपालिका वडा नं. ७ गार्मा (साल्मे), वडा नं. ११ तिङ्ला र थुलुङ दुधकोशी गाउँपालिका वडा नं.१ लाई जनाउँछ ।

न) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले सोलु दुधकुण्ड नगरपालिका वडा नं. ७ गार्मा (साल्मे), वडा नं. ११ तिङ्ला र थुलुङ दुधकोशी गा.प. वडा नं.१ बाहेकका सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाउँपालिकालाई जनाउँछ ।

प) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीलाई सम्झनु पर्छ ।

फ) **"FMO"** भन्नाले Nederlandse Financierings Maatschappij Voor Ontwikkelingslanden N.V. , Netherlands लाई जनाउँछ ।

ब) **"DEG"** भन्नाले Deutsche Investitions- und Entwicklungsgesellschaft mbH, Germany लाई जनाउँछ ।

भ) **"OFID"** भन्नाले The OPEC Fund for International Development, Austria लाई जनाउँछ ।

म) **"आश्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आश्वा सदस्यता लिएका बैक तथा वित्तीय संस्थाहरुलाई सम्झनुपर्दछ ।

य) **"खुद सम्पत्ति"** भन्नाले नेपाल वित्तिय प्रतिवेदन अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरुको कुल जोडमा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याती घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) सम्झनु पर्छ ।

ख.२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेवसाइट: www.nabilinvest.com.np
२.	श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं र वेवसाइट : www.himalayancapital.com
३.	श्री सोलु हाइड्रोपावर लिमिटेड, पुतलीसडक, काठमाण्डौं र वेवसाइट : www.soluhydro.com

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
	आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु ।
२.	श्री लक्ष्मी सनराईज बैंक लिमिटेड, नेले, किन्जा, थुलुङ्ग दुधकोशी, सल्लेरी शाखा सोलुखुम्बु ।
३.	श्री एनएमबि बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु ।
४.	श्री प्राइम कर्मसियल बैंक लिमिटेड, तिङ्ला रमिते शाखा, सोलुखुम्बु ।
५.	श्री नबिल बैंक लिमिटेड, नाम्चे बजार शाखा, सोलुखुम्बु ।
६.	श्री कृषि विकास बैंक लिमिटेड, सोताङ्ग शाखा, सोलुखुम्बु ।
७.	श्री सिद्धार्थ बैंक लिमिटेड, लुक्ला शाखा, सोलुखुम्बु ।
८.	श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल काठमाण्डौं ।
	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :
	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
	सर्वसाधारणको हकमा :
	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/-(दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।

ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई सोलु हाइड्रोपावर लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३, र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

ग.२. संगठित संस्थाको उद्घोषण :

ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनकालागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशन का लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस सोलु हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरण पत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौ । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०८ को पत्रानुसार आ.व.२०८०/८१ सम्म कम्पनी अद्यावधिक रहेको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट शेयरको सार्वजनिक निष्काशनको लागि मिति २०८०/०६/२२ गते पूर्व स्वीकृती समेत प्राप्त गरिसकेको छ ।

ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत रहेका छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत रहेका छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

ग.३ संगठित संस्था सम्बन्धी जानकारी :

ग.३.क. संगठित संस्थाको पृष्ठभूमि

१. **संगठित संस्थाको नामः** सोलु हाइड्रोपावर लिमिटेड **(Solu Hydropower Ltd.)**

२. **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा. नं.२८, पुतलीसडक, त्रिवेणी कम्पलेक्स, काठमाण्डौंमा रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

४. **जलविद्युत केन्द्र** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका वडा.नं.११ तिङ्गलामा रहेको छ ।

५. **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

१. एसेल-क्लिन सोलु हाइड्रोपावर प्राईभेट लिमिटेड नाम बाट मिति २०६७/०२/२६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७२/१२/०२ मा सोलु हाइड्रोपावर प्राईभेट लिमिटेड मा नाम परिवर्तन भई कारोबार संचालन गर्दै आएको थियो । साथै मिति २०७९/०३/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि. बाट परिवर्तन भई पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो ।

२. यस कम्पनीमा ९५ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु नेपालको विभिन्न प्रतिष्ठित व्यापारीक समुहमा आबद्ध भएका बहुप्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । उहाँहरुमा विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल रहेको छ ।

३. कम्पनीले तल्लो सोलु जलविद्युत आयोजना (८२ मेगावाट), उत्पादन तथा संचालन गर्न नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७०/१२/०५ (अनुमतिपत्र संख्याः वि.वि.वि. ०७०/०७१ वि.उ. ११८) मा ८२ मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २०७८/०९/२१ मा भएको संशोधन अनुरुप मिति २१०६/१२/०४ गते सम्म बहाल रहनेछ ।

४. कम्पनीले निर्माणकार्य गरि रहेको तल्लो सोलु जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७०/०७/१५ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैइसकेको छ । साथै उक्त सम्झौताको पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाचौं संशोधन मिति क्रमसः २०७२/०९/२२ गते, २०७७/०४/०६ गते, २०७७ /०६/३० गते, २०७८/०९/०२ गते तथा २०७९/०३/१७ गतेमा भएको थियो ।

५. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७०/०७/१५ मा तल्लो सोलु हाइड्रोपावर आयोजना ८२ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७५/०४/०१ गते (तदनुसार जुलाई १७, २०१८) रहेको थियो । यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७९/०३/१७ मा तल्लो सोलु जलविद्युत आयोजना ८२ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता पाचौ संशोधन (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८/११/०२ गते (तदनुसार फेब्रुवरी १४, २०२२) रहेको थियो । हाल विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) मिति गुज्रिएकोमा उक्त मिति थप गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरण समक्ष विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) परिमार्जनका लागि मिति २०८०/०५/१९ मा निवेदन दिइएको छ । व्यापारिक उत्पादन शुरु भएको मिति २०८२/०४/२४ रहेको छ ।

६. यस कम्पनीले सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिकाको सोलु खोलाको पानी उपयोग गरी ८२ मे.वा. क्षमताको तल्लो सोलु जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न गरेको छ ।

संगठित संस्थाको **तल्लो सोलु जलविद्युत** आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम	**तल्लो सोलु जलविद्युत आयोजना**
विद्युत गृह स्थल	सोलुदुधकुण्ड नगरपालिका वडा.नं.११,तिङ्गला
श्रोत नदी	सोलु खोला
आयोजनाको किसिम	रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मितिः	२०७०/१२/०५
विद्युत उत्पादन अनुमति वहाल रहने मितिः	२१०६/१२/०४
व्यापारिक उत्पादन शुरु भएको मिति	२०८२/०४/२४
क्षमता	८२ मे.वा.
आयोजनाको कुल लागत (रु.) (Interest During Construction, IDC सहित)	१६,३०४,०३७,८७५
आयोजनाको प्रति मेगावाट लागतः (रु.)	१९८,८२९,७३०
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (वर्ष) :	७.६८
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष) :	१२.०९
नेट प्रेजेन्ट भ्यालू Net Present Value (NPV) (रु.)	५४३ करोड
इन्टरल रेट अफ रिर्टन Internal Rate of Return	११.६३%

प्रशारण लाईन सम्बन्धी विवरण:

तल्लो सोलु जलविद्युत आयोजनाको स्विचयार्डबाट ४.३ किमी लामो १३२ केवीको प्रशारण लाइन मार्फत ने.वि.प्रा.को सोलुखुम्बु स्थित तिङला (लमानी) सवस्टेसन सम्म पुऱ्याई सोलु कोरिडोर प्रसारण लाइन मार्फत राष्ट्रिय प्रसारण लाईनमा जोडिने ।

आयोजनाको नाम	तल्लो सोलु जलविद्युत आयोजना
आयोजनाको स्थल	सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका ।
सवस्टेसन	तिङला (लमानी) सवस्टेसन
सवस्टेसन स्थल	तिङला, सोलुखुम्बु जिल्ला
दुरी	४.३ किमी
के.भि सर्किट	१३२ के.भी

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका मूख्य बुँदाहरु यस प्रकार छन् :

- आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्थाको जानकारी लिने ।
- आयोजनाबाट स्थानीय वातावरणमा पर्ने सक्ने प्रभावको पहिचान तथा आङ्कलन गरी प्रभावको उल्लेखनीयता थाहा पाउने ।
- आयोजना कार्यान्वयन गर्दा नोक्सान हुने भूमि, सम्पत्ति, वन तथा अन्य स्रोतको ह्रासको तथ्याङ्क निकाल्ने ।
- अनुकूल वातावरणीय प्रभावलाई अधिकतम गर्ने र प्रतिकूल वातावरणीय प्रभावलाई हटाउने, न्यून गर्ने तथा क्षतिपूर्ति दिने उपायहरु लगायत वातावरण व्यवस्थापन योजना सम्बन्धमा सुझाव दिने ।
- आयोजनाबाट हुने अनुकुल प्रभावलाई अधिकतम गर्ने उपायहरु तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुको लागि लाग्ने रकम अनुमान गर्ने ।
- आयोजनाबाट वातावरणमा पर्ने प्रभावको बारेमा निर्णयकर्ताहरुलाई सूचना सामग्री प्रदान गर्ने र वातावणीय अनुगमन तथा परिक्षण योजना तयार गर्ने ।

आयोजना सम्बन्धी विस्तृत विवरण :

आयोजनाको मुख्य संरचनाहरु सोलु खोलाको दाँया किनारामा पर्दछन् । ब्यारेज (Barrage) को दाँया किनारा सोलुखम्बु जिल्लाको तिङ्गला गा.वि.स. र बाँया किनारा सोही जिल्लाको गार्मा गा.वि.स. पर्दछन् । Intake र बालुवा थिग्राउने (Settling Basin) सोलु खोलाको बाँया किनारास्थित गार्मा गा.वि.स. मा रहने छन् । बाँया किनारामा रहेको Settling Basin बाट दाँया किनारामा रहेको हेडरेस टनेल (सुरुङ्ग) तर्फ पानी लैजान स्टील पाइपको (Approach Conduit) प्रयोग गरिने छ । विद्युत गृह सालुखुम्बु जिल्लाको तिङ्गला गा.वि.स. स्थित सोलु खोलाको दाँया किनारामा रहने छ ।

क) हेडवर्क्स (Headworks) : आयोजनाको लागि पानी फर्काउने ब्यारेज को लम्बाई ६२.१ मी., चौडाई ७३ मी. उचाई ७.५ मी. तथा Highest Regulating Water Level समुद्री सतहबाट १७६४.५ मी. हुनेछ । खोलामा ४.५ मि. चौडाई र २.७ मि. उचाईको चारवटा side intake निर्माण गरिनेछ ।

ख) बालुवा थिग्राउने पोखरी (Settling Basin) : १४९.५ मी. लम्बाई र २.६ मी. ब्यास भएको स्टील पाइप (Approach Conduit) हुदै १०० मी. लम्बाई, १० मी. चौडाई र ८.८ मी. गहिराईको दुईवटा च्याम्बर भएको भुमिगत बालुवा थिग्राउने पोखरी (Settling Basin) सम्म लगिनेछ ।

ग) हेडरेस सुरुङ्ग (Headrace Tunnel) : Settling Basin बाट निस्केको पानीलाई ३.२ मी. ब्यास र ४३१२.९ मी. लम्बाईको हेडरेस सुरुङ्गमा पठाइनेछ । ३११.१८ मी. र १६८.८४ मी. लम्बाईका दुईवटा जोड्ने सुरुङ्ग (Audit Tunnel) समेत बनाइनेछ ।

घ) सर्ज टयांक (Surge Tank) : Headrace Tunnel बाट आएको अर्धसतही ७२ मी.उचाई र ८ मी./६ मी.व्यास भएको सर्ज टयांकमा पुर्याईनेछ ।

ङ) भुमिगत पेनस्टक पाईप (Underground Penstock Pipe) तथा विद्युत गृह (Power house) : १८१३.५ मी.लम्बाई, २.८ मी. ब्यास भएको भुमिगत पेनस्टक पाइपबाट निस्केको पानीलाई ५६ मी. लम्बाइ, २५.५ मी. चौडाई र ३४.७ मी. उचाई भएको अर्धभुमिगत विद्युत गृहमा पुर्याईनेछ । विद्युत गृहमा २ वटा ४१.८४ मे.वा. क्षमताका pelton turbine र ४५.५५५ MVA क्षमताको ११ kV को दुईवटा जेनेरेटर जडान गरिनेछ । विद्युत गृहको स्विचयार्डमा सातवटा १७ MVA, ११/१३२ kV, ५० हर्ज फ्रिक्वेन्सीको ट्रान्सफरमर रहनेछन् ।

च) टेलरेस (Tailrace) : विद्युत गृहबाट निस्केको पानीलाई (१.८ देखि ४) मी. चौडाई, २.८५ मी. उचाई र १५६.३२ मी. लामो टेलरेस नहर (Rectangular concrete structure with closed and free surface flow) मार्फत सोलु खोलामा पठाइनेछ । टेलरेस नहरमा न्युनतम जल सतह (Minimum Tail Water Level) समुन्द्री सतहबाट १२६६.५ मी. रहनेछन् ।

छ) प्रसारण लाईन (Transmission Line) :नेपाल विद्युत् प्राधिकरण (NEA) को स्वामित्व र सञ्चालनमा रहेको तिङ्ला सबस्टेसन विगत तीन वर्षभन्दा बढी समय देखि सञ्चालनमा रहेको छ । लगभग ३५० मेगावाटको विद्युत् निकासी क्षमता रहेको यस सबस्टेसनले यस क्षेत्रको विद्युत् प्रसारणका लागि एक महत्वपूर्ण केन्द्रको रूपमा सेवा प्रदान गरिरहेको छ ।

यस क्षेत्रका धेरैजसो जलविद्युत् आयोजनाहरू पहिले नै तिङ्ला सबस्टेसनसँग जडान भइसकेका छन् र ती आयोजनाहरूले सफलतापूर्वक विद्युत् प्रवाह गरिरहेका छन् । तीमध्ये प्रमुख आयोजनाहरु निम्नानुसार रहेका छन्:

- सोलु दूधकोशी जलविद्युत् आयोजना (८६ मेगावाट)

- अपर सोलु जलविद्युत् आयोजना (२३.५ मेगावाट)
- मिड सोलु जलविद्युत् आयोजना (११ मेगावाट)
- बेनी जलविद्युत् आयोजना (१५ मेगावाट)

उल्लेखित आयोजनाका अतिरिक्त ओखलढुंगा जिल्ला स्थित मालुङ्ग जलविद्युत परियोजना (६ मेगावाट) पनि ३३ केवीको प्रशारण लाइनसँग तिङ्गला सबस्टेसनमा जडान भईसकेको छ ।
यो तल्लो सोलु जलविद्युत परियोजना (८२ मेगावाट) निमार्ण सम्पन्नको अन्तिम चरणमा रहि संचालनको क्रमा रहेको छ । विद्युत निकासीलाई सहज बनाउनका लागि, ४.३ किमी लामो १३२ केवीको प्रशारण लाइन तल्लो सोलु आयोजना स्थलबाट तिङ्गला सबस्टेसनमा विद्युत जडान गर्नेको लागि प्रसारण लाईन निर्माण गरिएको छ । यो प्रशारण लाइन पूर्ण रूपमा निर्माण भएको र सञ्चालनको लागि तयार गरिएको छ । यो परियोजना सम्पन्न भए पश्च्यात राष्ट्रिय ग्रिडसँग समायोजन गरि, यस मार्फत विद्युत निकासी सुरु हुनेछ ।

ज) यो आयोजनाको निर्माणकार्य सम्पन्न भई मिति २०८२/०४/२४ गतेदेखी व्यापारिक उत्पादन शुरु भई सकेको छ ।

सि.न.	विवरण	कार्य प्रगती	कार्य सम्पन्न %
१	वित्तीय व्यवस्थापन	सम्पन्न	१००%
२	हेडवर्क्स (Headworks)	सम्पन्न	१००%
३	हेडरेस सुरुङ्ग (एक्सक्याभेसन) HRT (Excavation)	सम्पन्न	१००%
४	हेडरेस सुरुङ्ग (कंक्रिट लाईनिङ्ग) HRT (Concrete Lining)	सम्पन्न	१००%
५	सर्ज टयांक (Surge Tank)	सम्पन्न	१००%
६	पावर हाउस (Power House)	सम्पन्न	१००%
७	टेल रेस (Tailrace)	सम्पन्न	१००%
८	इ एम वर्क (EM works)	सम्पन्न	१००%
९	यच एम वर्क (HM works)	सम्पन्न	१००%
१०	भल्भ हाउस (Valve House)	सम्पन्न	१००%
११	पेनस्टक (Penstock)		
१२	प्रशारण लाईन (Transmission Line)	सम्पन्न	१००%

झ) जुलाई १, २०२२ मा भल्भहाउस क्षेत्रमा गएको पहिरोले यस परियोजनाको संरचनाहरु जस्तै भल्भहाउस, एन्कर बल्क तथा पेनस्टक पाईपमा प्रतीकुल असर पर्न गयो । भल्भ हाउसमा क्षति भएको, पेनस्टकको अलाईनमेन्टमा परिवर्तन हुन गएको तथा एन्कर बल्कहरु पनि क्षतिग्रस्त हुन गयो । प्राविधिक विज्ञले केसको विस्तृत अध्ययन पछि, सुरक्षित र दिगो परियोजना सञ्चालनको लागि सतह पेनस्टक त्यागेर भूमिगत नयाँ पेनस्टक निर्माण गर्न सुझाव दिए ।
बीमा दाबी विवरण यस प्रकार छ:
घटना भएको मिती: जुलाई १, २०२२
दाबी रकम: **ने.रु**. १,७३२,७८८,०१०।८७
बीमा कम्पनीको नाम: शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
बीमा पोलिसी नं: १२/३१४; १२ /०५/०३/२१०१/०१/००१
बीमा दाबीको अवस्था: बीमा र पुर्न: बीमा कम्पनीहरूले संयुक्त रूपमा स्थानिय तथा अन्तर्राष्ट्रिय सर्वेक्षक खटाई घटनास्थलको निरीक्षण गरेका छन् ।

नेट प्रिजेन्ट भ्यालु (Net Present Value (NPV)), इन्टरनल रेट अफ रिर्टन (Internal Rate of Return (IRR)), Pay Back Period, Discounted Pay Back Period गणना को संक्षिप्त विवरण :

क.प्रमुख सूचक- आयोजना

(रकम रु. करोडमा)

वर्ष	खुद आम्दानी	जोड : ह्रासकट्टी	जोड : वित्तीय लागत	नगद प्रवाह	नगद बहिर्गमन	खुद नगद प्रवाह	संचित नगद प्रवाह	डिस्काउन्टेड रेट	डिस्काउन्टेड खुद नगद प्रवाह	डिस्काउन्टेड संचित नगद प्रवाह
०					(१,६०३.४०)	(१,६०३.४०)	(१,६०३.४०)	१.०००	(१,६०३.४०)	(१,६०३.४०)
१	९३.०२	६८.५४	१७.९९	१७९.५४		१७९.५४	(१,४२३.८६)	०.९२९	१६६.७६	(१,४३६.६४)
२	१२३.११	७४.१६	१०.६७	२०७.९४		२०७.९४	(१,२१५.९२)	०.८६३	१७९.३९	(१,२५७.२५)
३	१३०.८३	७४.३३	८.८६	२१४.०३		२१४.०३	(१,००१.९०)	०.८०१	१७१.५०	(१,०८५.७६)
४	१३३.३१	७४.१०	७.०१	२१४.४२		२१४.४२	(७८७.४८)	०.७४४	१५९.५८	(९२६.१८)
५	१३४.८४	७४.०७	५.१८	२१४.०८		२१४.०८	(५७३.४०)	०.६९१	१४७.९९	(७७८.१९)
६	१३६.३९	७४.०४	३.३५	२१३.७८		२१३.७८	(३५९.६२)	०.६४२	१३७.२६	(६४०.९३)
७	१३७.७४	७४.२२	१.५९	२१३.५५		२१३.५५	(१४६.०७)	०.५९६	१२७.३५	(५१३.५८)
८	१३९.५६	७४.००	०.४८	२१४.०४		२१४.०४	६७.९६	०.५५४	११८.५६	(३९५.०२)
९	१४०.५८	७३.९८	०.४१	२१४.९६		२१४.९६	२८२.९३	०.५१४	११०.५९	(२८४.४२)
१०	१४१.६७	७३.९६	०.३३	२१५.९६		२१५.९६	४९८.८९	०.४७८	१०३.२०	(१८१.२३)
११	१२८.३६	७४.१५	०.२५	२०२.७६		२०२.७६	७०१.६४	०.४४४	८९.९९	(९१.२३)
१२	१२९.६३	७३.९३	०.१८	२०३.७५		२०३.७५	९०५.३९	०.४१२	८३.९९	(७.२४)
१३	१३०.५५	७३.९२	०.१२	२०४.५८		२०४.५८	१,१०९.९७	०.३८३	७८.३४	७१.१०
१४	१३२.०२	७३.९१	०.०५	२०५.९७		२०५.९७	१,३१५.९४	०.३५६	७३.२५	१४४.३५
१५	१३३.६४	७४.१०	–	२०७.७३		२०७.७३	१,५२३.६८	०.३३०	६८.६२	२१२.९७
१६	७८.८४	७३.८९	–	१५२.७२		१५२.७२	१,६७६.४०	०.३०७	४६.८६	२५९.८३
१७	७७.४०	७३.८८	–	१५१.२७		१५१.२७	१,८२७.६७	०.२८५	४३.११	३०२.९४
१८	७५.८८	७३.८७	–	१४९.७५		१४९.७५	१,९७७.४२	०.२६५	३९.६४	३४२.५८
१९	७४.०६	७४.०६	–	१४८.१२		१४८.१२	२,१२५.५४	०.२४६	३६.४२	३७८.९९
२०	७२.६४	७३.८५	–	१४६.४९		१४६.४९	२,२७२.०४	०.२२८	३३.४५	४१२.४४
२१	७०.९०	७३.८५	–	१४४.७५		१४४.७५	२,४१६.७८	०.२१२	३०.७०	४४३.१४
२२	६९.०७	७३.८४	–	१४२.९२		१४२.९२	२,५५९.७०	०.१९७	२८.१५	४७१.३०
२३	६६.९०	७४.०४	–	१४०.९४		१४०.९४	२,७००.६४	०.१८३	२५.७९	४९७.०८
२४	६५.१५	७३.८३	–	१३८.९९		१३८.९९	२,८३९.६२	०.१७०	२३.६२	५२०.७१
२५	९५.७३	४९.५७	–	१४५.३०		१४५.३०	२,९८४.९२	०.१५८	२२.९४	५४३.६४

परियोजनाको कुल नगद बहिर्गमन	१६,०३४,०३७,८७६
पूँजीको भारित औसत लागत	७.६६%
इन्टरल रेट अफ रिर्टन (Internal Rate of Return -IRR)	११.६३%
नेट प्रेजेन्ट भ्याल (Net Present Value –NPV) (रु. करोडमा)	५४३.६४
साधारण लगानी फिर्ता हुने अवधि (वर्ष)	७.६८
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष)	१२.०९

ख. प्रमुख सूचक-ईक्विटी

(रकम रु. करोडमा)

वर्ष	खुद आम्दानी	जोड : ह्रासकट्टी	घटाउः किस्ता	नगद प्रवाह	नगद बहिर्गमन	खुद नगद प्रवाह	संचित नगद प्रवाह	डिस्काउन्टेड रेट	डिस्काउन्टेड खुद नगद प्रवाह	डिस्काउन्टेड संचित नगद प्रवाह
०	–	–	–	–	(८००.००)	(८००.००)	(८००.००)	१.०००	(८००.००)	(८००.००)
१	९३.०२	६८.५४	१९.५७	१४१.९८	(२००.००)	(५८.०२)	(८५८.०२)	०.९०१	(५२.२७)	(८५२.२७)
२	१२३.११	७४.१६	६०.८३	१३६.४४	–	१३६.४४	(७२१.५८)	०.८१२	११०.७४	(७४१.५३)
३	१३०.८३	७४.३३	६३.५९	१४१.५७	–	१४१.५७	(५८०.०१)	०.७३१	१०३.५१	(६३८.०१)
४	१३३.३१	७४.१०	६६.१७	१४१.२३	–	१४१.२३	(४३८.७८)	०.६५९	९३.०३	(५४४.९८)
५	१३४.८४	७४.०७	६७.५३	१४१.३८	–	१४१.३८	(२९७.४०)	०.५९३	८३.९०	(४६१.०८)
६	१३६.३९	७४.०४	६८.६३	१४१.८०	–	१४१.८०	(१५५.६०)	०.५३५	७५.८१	(३८५.२७)
७	१३७.७४	७४.२२	६९.००	१४२.९६	–	१४२.९६	(१२.६४)	०.४८२	६८.८६	(३१६.४१)
८	१३९.५६	७४.००	४९.९७	१६३.५९	–	१६३.५९	१५०.९५	०.४३४	७०.९९	(२४५.४३)
९	१४०.५८	७३.९८	५१.५७	१६२.९९	–	१६२.९९	३१३.९४	०.३९१	६३.७२	(१८१.७१)
१०	१४१.६७	७३.९६	५३.१०	१६२.५३	–	१६२.५३	४७६.४७	०.३५२	५७.२४	(१२४.४७)
११	१२८.३६	७४.१५	५३.०४	१४९.४६	–	१४९.४६	६२५.९३	०.३१७	४७.४२	(७७.०५)
१२	१२९.६३	७३.९३	४६.०३	१५७.५३	–	१५७.५३	७८३.४६	०.२८६	४५.०३	(३२.०२)
१३	१३०.५५	७३.९२	४७.२०	१५७.२६	–	१५७.२६	९४०.७२	०.२५८	४०.५०	८.४८
१४	१३२.०२	७३.९१	४८.३७	१५७.५५	–	१५७.५५	१,०९८.२८	०.२३२	३६.५५	४५.०३
१५	१३३.६४	७४.१०	–	२०७.७३	–	२०७.७३	१,३०६.०१	०.२०९	४३.४२	८८.४५
१६	७८.८४	७३.८९	–	१५२.७२	–	१५२.७२	१,४५८.७३	०.१८८	२८.७६	११७.२०
१७	७७.४०	७३.८८	–	१५१.२७	–	१५१.२७	१,६१०.०१	०.१७०	२५.६६	१४२.८६
१८	७५.८८	७३.८७	–	१४९.७५	–	१४९.७५	१,७५९.७६	०.१५३	२२.८९	१६५.७५
१९	७४.०६	७४.०६	–	१४८.१२	–	१४८.१२	१,९०७.८८	०.१३८	२०.३९	१८६.१४
२०	७२.६४	७३.८५	–	१४६.४९	–	१४६.४९	२,०५४.३७	०.१२४	१८.१७	२०४.३१
२१	७०.९०	७३.८५	–	१४४.७५	–	१४४.७५	२,१९९.१२	०.११२	१६.१७	२२०.४९
२२	६९.०७	७३.८४	–	१४२.९२	–	१४२.९२	२,३४२.०३	०.१०१	१४.३९	२३४.८७
२३	६६.९०	७४.०४	–	१४०.९४	–	१४०.९४	२,४८२.९७	०.०९१	१२.७८	२४७.६६
२४	६५.१५	७३.८३	–	१३८.९९	–	१३८.९९	२,६२१.९६	०.०८२	११.३६	२५९.०१
२५	९५.७३	४९.५७	–	१४५.३०	–	१४५.३०	२,७६७.२५	०.०७४	१०.६९	२६९.७१

परियोजनाको कुल नगद बहिर्गमन	१०,०००,०००,०००
इक्विटीमा लागत	११.००%
इन्टरल रेट अफ रिर्टन (Internal Rate of Return -IRR)	१४.६२%
नेट प्रेजेन्ट भ्याल (Net Present Value –NPV)	२६९.७१
साधारण लगानी फिर्ता हुने अवधि (वर्ष)	७.०८
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष)	१२.७९

(नोटः- यस वित्तीय प्रक्षेपणमा २ वृद्धिदर समावेश गरीएको ।)

नोटः ऋण समायोजनका अवस्था र यसको वित्तीय प्रभाव सम्बन्धी महत्वपूर्ण जानकारी :

सोलु हाइड्रोपावर लिमिटेडले आफ्ना ऋणदाताहरूसँग एक Master Amendment and Waiver Agreement मा हस्ताक्षर गरेको छ, जस अन्तर्गत ऋणदाताहरूले कम्पनीलाई निम्न अनुसार वित्तीय सहुलियतहरू प्रदान गरेका छन् ।

- संचित भइसकेको र भविष्यमा संचित हुने ब्याज रकमको पूर्ण छुट,
- Subordinated Loan हरूको पूर्ण छुट, र
- Term Loan को आंशिक छुट ।

यस सम्झौताको शर्त अनुसार, दुईवटा विशेष अवस्थालाई "समायोजन अवस्था (Adjustment Events)" भनिएको छ । यी मध्ये कुनै पनि एक अवस्था सृजना भएमा, कम्पनीले तिर्नुपर्ने ऋण रकममा परिवर्तन हुनेछ ।
यी अवस्थाहरू देहाय बमोजिम छन्:

१) यदि परियोजनाको आवश्यक व्यावसायिक सञ्चालन मिति (RCOD) सन् २०२२ सेप्टेम्बर ३० पछिसम्म विस्तार भयो भने, र/वा
२) नेपाल सरकारद्वारा परियोजनाको उत्पादन इजाजतपत्र सन् २०५० मार्च १८ पछिसम्म विस्तार गरियो भने, शर्त यो छ कि ऋण पूर्ण रुपमा भुक्तानी हुन भन्दा अगाडी सो विस्तार हुनुपर्ने छ ।

समायोजन घटना भएमा के हुन्छ ?

१) यदि RCOD विस्तार भयो भने, कम्पनीले सो विस्तारबाट उत्पन्न भएको अतिरिक्त नगद आम्दानीको ५०% ऋणदाताहरूसँग बाँड्नु पर्नेछ । यो फाईदाको बाँडफाँड USD Loan को अधिकतम १९.७५% सम्म सीमित हुनेछ । तल उल्लेखित उधाहरण (Illustration) ले प्रत्येक थप दरको बृद्धिले कम्पनीलाई प्राप्त हुने फाईदा, परियोजनाबाट प्राप्त हुने थप आम्दानी र त्यस अनुसार बृद्धि हुने ऋण भुक्तानी दयित्वको लेखाङ्कन प्रस्तुत गर्दछ ।

यदि १ अतिरिक्त वृद्धिदर प्राप्त भयो भनेः
आन्तरिक प्रतिफल दर (IRR) १४.९५% बाट बढेर १५.१८% हुनेछ ।
खुद वर्तमान मूल्य (NPV) २९१ बाट बढेर ३१६ हुनेछ ।

यदि २ अतिरिक्त वृद्धिदर प्राप्त भयो भने :
आन्तरिक प्रतिफल दर (IRR) १४.९५% बाट बढेर १५.३६% हुनेछ ।
खुद वर्तमान मूल्य (NPV) २९१ बाट बढेर ३३५ हुनेछ ।

यदि ३ अतिरिक्त वृद्धिदर प्राप्त भयो भने :
आन्तरिक प्रतिफल दर (IRR) १४.९५% बाट बढेर १५.५२% हुनेछ ।
खुद वर्तमान मूल्य (NPV) २९१ बाट बढेर ३५१ हुनेछ ।

२. यदि Generation License को अवधि विस्तार गरियो भने, कम्पनीले सो बाट बृद्धि भएको अतिरिक्त नगद प्रवाह (additional cash flow) ऋणदाताहरूसँग बाँड्नु पर्ने छ, जुन माथिको बुँदा (१) अन्तर्गत RCOD विस्तारसँग सम्बन्धित लाभ बाँडफाँड संयन्त्रसँग मेल खानु पर्नेछ । यस परिवर्तनका कारण कम्पनीले प्राप्त गर्ने वित्तीय लाभ (जस्तैः दीर्घकालीन लाइसेन्स अवधि भएका कारण विद्युत बिक्रीबाट बढी आम्दानी) को गणना कम्पनीले गर्नेछ । उदाहरणका लागि, यदि Generation License ऋण भुक्तानी पूरा हुनु अगाडि १ वर्षको लागि विस्तार गरियो भनेः
आन्तरिक प्रतिफल दर (IRR) १४.९५% बाट बढेर १४.९७% हुनेछ ।
खुद वर्तमान मूल्य (NPV) २९१ बाट बढेर ३०० हुनेछ ।

यी समायोजनहरू (Adjustments) जुन वर्षमा समायोजन गर्नु पर्ने अवस्था आधिकारिक रूपमा पुष्टि हुन्छन, त्यो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरणमा समावेश गरिनेछ । यस संयन्त्रले परियोजना सफलतापूर्वक सम्पन्न गर्नका साथै कम्पनीलाई वित्तीय सन्तुलन कायम राख्न सहजता (flexibility) प्रदान गर्दछ । लगानीकर्ताहरू सावधान हुनुपर्छ कि यस्ता घटनाहरूको सम्भावना नियामक प्रक्रिया (Regulatory Process) मा आधारित भए पनि, यदि यस्ता अवस्थाहरु सृजना भएमा वित्तीय सवलताको दृष्टिकोणले सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिन्छ ।

समायोजन घटनालाई निम्न मध्ये कुनै एक वा दुवै घटनाको रूपमा परिभाषित गरिएको छ .

१.नेपाल विद्युत प्राधिकरणद्वारा विद्युत खरिद सम्झौता अन्तर्गत उल्लेख गरीएको व्यापारिक उत्पादन शुरु हुने मिति (Required Commercial Operation Date) थप भएमा ।
२.विद्युत विकास विभागद्वारा उत्पादन इजाजतपत्रको म्याद थप भएमा ।

माथी उल्लेख गरेका घटनाहरुको परिस्थिति यस प्रकार छन् .

१) नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद सम्झौता (PPA) अन्तर्गत Required Commercial Operation Date (RCOD) थप गरेको छैन । हालको RCOD मिति २०७८ साल फाल्गुन २ गते समाप्त भइसकेको छ ।

२) सबै आयोजनाहरूलाई विद्युत विकास विभागबाट ३५ वर्षका लागि विद्युत उत्पादन अनुमति प्रदान गरिन्छ । सोलु हाइड्रोपावर लिमिटेडको विद्युत उत्पादन अनुमतिपत्रको वैधता अवधि बढाउने खालको कुनैपनि नियामकीय परिवर्तन भएको छैन र उक्त अनुमतिपत्र २१०६ साल चैत्र ४ गते मा समाप्त हुने छ ।

समायोजन घटनाहरू (Adjustment Events) नदेखिएको हुनाले यसले कम्पनीको वित्तीय विवरणमा कुनै असर नपर्ने देखिन्छ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- विद्युत खरिद बिक्रि सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति वा आयोजनाले विद्युत उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त गरी प्राधिकरणमा बुझाएको मितिमध्ये जुन ढिला हुन्छ सो मिति देखि लागु हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा ४/८० (चार रुपैँयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८/४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मार्ग सम्म रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिना देखि सम्झौता अवधिसम्म	९।६६	५।५२

तर व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईनेछैन ।

साथै प्राधिकरणले डिस्प्याच गरि अतिरिक्त उर्जा (Excess Energy) खरिद गरि लिएमा यस्तो अतरित्त उर्जाको हकमा दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

आयोजनाबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:

सुख्खा यामको कूल इनर्जी (kWh)	७,४७,५८,६२४
वर्षा यामको कूल इनर्जी (kWh)	३६,९९,१६,०५२
जम्मा वार्षिक (kWh)	**४४,४६,७४,६७६**

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा:**
  कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । कावु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) बाट ६ महिना परको मिति पनि व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।
  साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागी प्राधिकरणबाट हुनु पर्ने कार्यहरु सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी

कम्पनीले सूचना दिइसके पछि साइटको संयुक्त नापजाँचबाट ब्यहोरा ठीक ठहरीएमा काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) बाट ६ महिनापरको मिति सम्ममा पनि व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ:

- कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

(१) प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना रकम =

(०.४५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति बाट ६ महिनापरको मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर)

वा

ऋण सम्झौता अनुसार उक्त अवधिको ब्याज मात्र तिर्नका लागि पुग्ने रकम मध्य जुन घटी हुन्छ तर COD नभएपनि प्राधिकरणले बैकल्पिक प्रणलीमा मार्फत आंशिक मागमा विद्युत डिस्प्याच गरी लिएमा यसरी सप्लाइ भएको उर्जाका बील भुक्तानि भएको रकम कट्टा गरीमात्र प्राधिकरणले कम्पनीलाइ हर्जाना तिर्नु पर्नेछ ।

(२) कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने हर्जाना रकम =

(०.२८ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) वा ऋण सम्झौता अनुसार उक्त अवधिको ब्याज मात्र तिर्नका लागि पुग्ने रकमबाट (०.१७ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) घटाउँदा हुन आउने रकम मध्ये जुन घटी हुन्छ ।

विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने सम्बन्धी मुख्य बुँदाहरु :

- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा सम्झौताको अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम गणना गर्ने विधि

= [०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर,

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन ।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

बिल र भुक्तानी

कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको विद्युत खरिद बिक्रि सम्झौताको दफा ११ बमोजिमको विद्युत उर्जा र त्यस वापतको विद्युत महसुल समेत उल्लेख भएको बिल प्राप्त भएको बिल तोकिएको ढाँचामा प्राधिकरण समक्ष पेश गर्नेछ । प्राधिकरणले बिल प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्दछ । उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महसुल भुक्तान नगरेमा सो रकमको बार्षिक ६% (छ प्रतिशत) का दरले हुने ब्याज रकम समेत भुक्तानी गर्नु पर्नेछ ।

विदेशी मुद्रामा लगानी हुने भएकाले ऋण चुक्ता गर्ने अवधि COD कायम भएको मितिले १० बर्ष (१२० औं महिना) सम्म मासिक बिल रकम मध्ये आँशिक रुपमा विदेशी मुद्रामा र नेपाली मुद्रामा भुक्तानी गरिने छ ।

विद्युत खरिद बिक्री सम्झौताको दफा १२ मा उल्लेखित खरीद दर अनुसार नेपाली रुपैयाँमा प्राप्त बिलको यसरी भुक्तानी गर्दा अमेरीकी डलरको तुलनामा नेपाली रुपैयाँको मिति २०७०/०७/१२ को नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको बिक्रि दर रु.९८.६८ प्रति डलरमा स्थिर राखी निम्नानुसार आंशिक रुपमा विदेशी मुद्रामा कर नेपाली मुद्रामा भुक्तानी गरिने छ ।

क) नेपाली रुपैयामा भुक्तानी अँश = बिल रकम * ०.४५ रुपैयाँमा

ख) अमेरिकी डलरमा भुक्तानी अँश = (बिल रकम * ०.५५ रुपैयाँमा)/९८.६८ डलर

COD कायम भएको मितिले १२१ औं महिना देखि सम्झौता अवधिसम्म सम्पुर्ण बिल रकम नेपाली रुपैयाँमा भुक्तानी गरिने छ । विद्युतको व्यापारिक उत्पादन गरेको मितिबाट दस बर्ष सम्म प्राधिकरणले कम्पनीको पक्षमा कम्पनीलाई मान्य हुने काठमाण्डौं मुख्य कार्यालय रहेको बाणिज्य बैंकहरुमा विद्युत खरिद बिक्री सम्झौताको अनुसुची १ टेबल II मा उल्लेखित Column H को कुल Contract Energy को औषत ३ (तिन) महिना बराबरको ऊर्जा खरिद बिलको (सम्बन्धित आर्थिक वर्षमा कायम विद्युत खरिददर अनुसार) प्रतितपत्र – Continuous (Revolving) Irrevocable Letter of Credit खोल्नु पर्नेछ । त्यस्तो प्रतितपत्र प्रत्येक आर्थिक वर्षको सुरुमा खोल्नु पर्नेछ । उक्त प्रतितपत्रको लागि आवश्यक बैंक चार्ज र सम्पुर्ण खर्च प्राधिकरणले व्यहोर्नेछ र Marginal Money प्राधिकरणले जम्मा गरिदिनेछ । प्रतितपत्र खोल्नका लागि पहिलो युनिट तयार हुन कम्तीमा २ महिना अगावै कम्पनीले आफुलाई मान्य हुने काठमाण्डौंमा अवस्थित कम्तीमा ६ वटा बैंकहरुको नाम प्राधिकरणलाई उपलब्ध गराउनुपर्नेछ ।

तर यदि ३ (तीन) महिना भन्दा बढी र अधिकतम ६ महिना बराबरको उर्जा खरिद बिलको प्रतितपत्र कम्पनीको आवश्यकता अनुसार खोल्नु परेमा ३ महिना भन्दा बढी समयको प्रतितपत्रको खर्च कम्पनीले व्यहोर्ने छ ।

यसरी खोलिने प्रतितपत्रमा देहायका शर्तहरु समावेश भएको हुनुपर्नेछ ।

क) यदि प्रधिकरणले विद्युत खरिद बिक्रि सम्झौता बमोजिम ४५ (पैतालिस) दिनभित्र विद्युत खरिद बापतको स्वीकृत बील रकम भुक्तानी नगरेमा बिना शर्त भुक्तानी गर्न बाँकी रहेको रकम बराबरको रकम सो खोलिएको प्रतितपत्रबाट दाबि गरी बैंकबाट असुल उपर गर्न सक्ने र त्यसरी खोलिएको प्रतितपत्रबाट कम्पनीले भुक्तानी असुल गरेपछि प्राधिकरणले त्यति नै रकम सम्बन्धित बैंकमा जम्मा गर्नेछ । यसरी बैंकबाट भुक्तानी प्राप्त गर्नका लागि प्रधिकरणले निर्धारित अवधिभित्र सम्झौत बमोजिमको रकम भुक्तानी गर्न नसकेको भनी कम्पनीले प्राधिकरणलाई दिएको सुचना बैंकमा पेश गर्नु प्रयाप्त हुनेछ र सो को लागि अन्य कुनै प्रमाण पेश गर्नु आवश्यक हुने छैन ।

ख) माथिको परिच्छेद (क) बमोजिम कम्पनीले भुक्तानी असुल गरेपछि प्राधिकरणले त्यति नै रकम सो प्रतितपत्रमा तत्काल पुन जम्मा गर्नु पर्ने र प्रतितपत्रको म्याद समाप्त भएपछि निरन्तरता नटुट्ने गरी म्याद समाप्त भएको मितिबाट नै लागु हुने गरी सो को नविकरण गर्नु पर्नेछ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौतामा भएका संशोधनहरु :

मिति	संशोधन	संशोधित विषय वस्तु
२०७२/०९/२२	पहिलो संशोधन	"व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति"(Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारिक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत बिक्रि गर्न तोकिएको मिति बिक्रम संवत २०७६ साल मंसिर ३० (डिसेम्बर १६, २०१९) वा खरिद-बिक्री मुल सम्झौताको दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा दुबै पक्षको लिखित सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने तोकिएको मिति सम्झनु पर्दछ ।
२०७७/०४/०६	दोस्रो संशोधन	"व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति"(Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारिक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत बिक्रि गर्न तोकिएको मिति बिक्रम संवत २०७७ साल जेष्ठ १८ (मे ३१, २०२०) वा खरिद-बिक्री मुल सम्झौताको दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा दुबै पक्षको लिखित सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने तोकिएको मिति सम्झनु पर्दछ ।
२०७७/०६/३०	तेस्रो संशोधन	"व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति" (Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारिक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत बिक्रि गर्न तोकिएको मिति बिक्रम संवत २०७७ साल पौष १५ (डिसेम्बर ३०, २०२०) वा खरिद-बिक्री मुल सम्झौताको दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा दुबै पक्षको लिखित सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने तोकिएको मिति सम्झनु पर्दछ ।
२०७८/०९/०२	चौथो संशोधन	"व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति" (Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारिक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत बिक्रि गर्न तोकिएको मिति बिक्रम संवत २०७८ साल आश्विन १४ (सेप्टेम्बर ३०, २०२१) वा खरिद-बिक्री मुल सम्झौताको दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा दुबै पक्षको लिखित सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने तोकिएको मिति सम्झनु पर्दछ ।
२०७९/०३/१७	पाचौं संशोधन	"व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति" (Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारिक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत बिक्रि गर्न तोकिएको मिति बिक्रम संवत २०७८ साल फागुन ०२ (फेब्रुवरी १४, २०२२) वा खरिद-बिक्री मुल सम्झौताको दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा दुबै पक्षको लिखित सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने तोकिएको मिति सम्झनु पर्दछ ।

विद्युत उत्पादन अनमतिपत्रमा भएको संशोधनहरु :

मिति	संशोधन	संशोधित विषय वस्तु
२०७५/०२/२१	पहिलो संशोधन	**पेनस्टक पाइप (Penstock Pip) तथा विद्युत गृह (Power House)** १४७५ मी लम्बाई, २.१ मी, २.२ मी, २.६ मी व्यास भएको पेनस्टक पाइपबाट पानी ५६ मी लम्बाई २५.५ मी चौडाई र ३४.७ मी उचाइको अर्धभूमिगत (Semi Underground) विद्युत गृहसम्म पुऱ्याइनेछ । विद्युत गृहमा २ वटा ४१ मेवा क्षमताको पेल्टन (Pelton) टर्बाइन र ४५.५५ MVA क्षमताको ११ KV को दईवटा जेनेरेटर जडान गरिनेछ । विद्युत गृहको स्वीचयार्डमा सातवटा १७ MVA, ११/१३२ KV, ५० हजे (Hz) फ्रिक्वेन्सीको ट्रान्सफर्मर रहनेछन् ।
२०७६/०४/२७	दोस्रो संशोधन	कम्पनीले मिति २०७०/१२/०५ मा जारी भएको ८२,००० किलोवाट क्षमताको तल्लो सोलु जल विद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७०/७१ वि.उ. ११८) को संशोधनका लागि मिति २०७६/०४/०५ मा दिनु भएको दरखास्त अनुसार ८२,००० किलोवाट क्षमताको तल्लो सोलु जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रका अन्य विवरण तथा शर्तहरु यथावत् रहने गरी देहायका प्रकरणहरुमा संशोधन गरी विद्युत ऐन, २०४९ को दफा (४) को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम प्रदान गरिएको अनुमतिपत्र वि.उ. ११८ को प्रकरण ७ (ग) र ७ (य) को अधिनमा रही नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ सन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर) को मिति २०७६/०४/२७ को निर्णयानुसार वि.वि.वि. ०७०/७१ वि.उ. ११८ को दोस्रो संसोधन यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ। साथै, स्वीकृत EMP समेत पेश गर्नुहुन समेत सोहि मितिको विभागको निर्णयानुसार अनुरोध गरिन्छ ।
२०७६/०५/१०	दोस्रो संशोधन सच्चाईएको	मिति २०७६/०४/२७ को निर्णयानुसार जारी गरिएको विद्युत उत्पादनको अनुमतिपत्र वि.उ. ११८ को दोस्रो संसोधनको प्रकरण ५ (ङ) मा "१४७५ मी. लम्बाई, २.१ मी. र २.६ मी. व्यास भएको पेनस्टक पाइपवाट निस्केको पानीलाई ५६ मी. लम्बाई, २५.५ मी. चौडाई र ३४.७ मी उचाई भएको अर्धभूमिगत विद्युत गृहमा पुर्याईनेछ। विद्युत गृहमा २ वटा ४१ मे.वा. क्षमताका pelton turbine र ४५.५५ MVA क्षमताको ११ kV को दुईवटा जेनेरेटर जडान गरिनेछ। विद्युत गृहको स्विचयार्डमा सातवटा १७ MVA, ११/१३२ kV, ५० हर्ज फ्रिक्वेन्सीको ट्रान्सफरमर रहनेछन ।" हुनु पर्नेमा अन्यथा भएकाले सो व्यहोरा सच्चाईएको विभागको मिति २०७६/०५/१० को निर्णयानुसार अनुरोध गरिन्छ ।
२०७६/१०/१९	दोस्रो संशोधन पुनः सच्चाईएको	मिति २०७६/१०/१२ (द.नं. ६०६७) मा पेश भएको निवेदन उपर कारवाही हुँदा विभागको मिति २०७६/०४/२७ को निर्णयानुसार जारी गरिएको विद्युत उत्पादनको अनुमतिपत्र वि.उ. ११८ को दोस्रो संसोधनको प्रकरण ५ (ङ)मा मिति २०७६/०५/१० को विभागको निर्णयानुसार सच्चाईएकोमा हाल निम्नानुसार कायम हुने गरी पुन सच्चाईएको व्यहोरा विभागको मिति २०७६/१०/१९ को निर्णयानुसार अनुरोध गरिन्छ । पुनः सच्चाईएको प्रकरण ५ (ङ) "१४७५ मी. लम्बाई, २.१ मी. र २.६ मी. व्यास भएको पेनस्टक पाइपबाट निस्केको पानीलाई ५६ मी. लम्बाई, २५.५ मी. चौडाई र ३४.७ मी उचाई भएको अर्धभूमिगत विद्युत गृहमा पुर्याईनेछ । विद्युत गृहमा २ वटा ४१.८४ मे.वा. क्षमताका pelton turbine र ४५.५५५ MVA क्षमताको ११ kV को दुईवटा जेनेरेटर जडान गरिनेछ । विद्युत गृहको स्विचयार्डमा सातवटा १७ MVA, ११/१३२ kV, ५० हर्ज फ्रिक्वेन्सीको ट्रान्सफरमर रहनेछन ।"

सोलु हाइड्रोपावर प्रा.लि.द्वारा प्रवर्द्धन गर्न लागेको तल्लो सोलु जलविद्युत आयोजना (८२ मे.वा.) को नेपाल विद्युत प्राधिकरण सँग सम्पन्न भएको विद्युत खरिद बिक्री सम्झौताको दफा १४ अनुसार गठित समन्वय समितिको मिति २०७५ असोज १६ (तदनुसार २ अक्टोबर २०१८) मा सम्पन्न ६ (छैठौँ) बैठक तथा मिति २०७६ मंसिर २५ (तदनुसार ११ डिसेम्बर २०१९) ८ (आठौँ) बैठक बाट आयोजनाका केहि संरचनाहरुमा गर्नुपर्ने परिवर्तनको स्वीकृति सम्बन्धमा भएको निर्णय निम्नानुसार रहेको छ ।

आयोजनाको Detail Project Report तयारीको क्रममा तत्कालिन सडकको अवस्था, सडकबाट ढुवानी गर्न सम्भव हुने अधिकतम भारवहन क्षमता लाई मध्यनजर गर्दै सो प्रतिवेदनमा २७.३३ मेगावाट क्षमताका ३ जेनेरेटर तथा टर्वाइन युनिटहरु तथा सोहि अनुसार नौ वटा (तथा एक जगेडा) सिंगल फेज ट्रान्सफर्मरको व्यवस्था गरिएकोमा हालको सडकको विद्यमान अवस्था, सो सडकले थेग्ने अधिकतम भारको अध्ययन र प्रारम्भीक ईन्जिनियरीङ्ग अप्टीमाइजेसनको क्रममा आयोजना र आयोजनाको परामर्शदाता ट्र्याक्टावेल इन्जिनियरिङ्ग (पहिलेको लाह्येमार ईन्डीया) को अध्ययन प्रतिवेदन तथा विभिन्न मेसिन निर्माता कम्पनीहरु सँग छलफल पश्चात ३ जेनेरेटर तथा टर्वाइन युनिटको सट्टामा २ जेनेरेटर तथा टर्वाइन युनिटको व्यवस्था तथा सोहि अनुसार (६) छ वटा (तथा एक जगेडा) सिंगल फेज ट्रान्सफर्मरको व्यवस्था गर्न उपयुक्त हुने आयोजनाको प्रस्तावलाई बैठकले अनुमोदन गरेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

१) Hydro Electricity Product को कार्य गर्ने ।

२) तल्लो सोलु जलविद्युत आयोजनाको निर्माणमा चाहिने Construction पावरको लागि साना जलविद्युत आयोजना वा Thermal Plant निर्माण र संचालन गर्ने ।

(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :

१. सहायक कम्पनीको नाम : सोलु दुधकोसी हाइड्रोपावर प्रा.लि.

२. सहायक कम्पनीको इतिहास र मुख्य उद्देश्य :

यस सोलु दुधकोसी हाइड्रोपावर प्रा. लि. कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०३/२४ कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नं. ३१५०२९/७९/०८० मा दर्ता भएको हो र यस कम्पनीको स्थायी लेखा नं. ६१९७२५४७३ रहेको छ । यस सोलु दुधकोसी हाइड्रोपावर लि.कम्पनीमा सोलु हाइड्रोपावर लि.को ९९.८० प्रतिशत स्वामित्व तथा लगानी रकम रु. १,००,००,०००/- रहेको छ ।

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. २८ पुतलीसडक रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

क) Hydro Electricity Product को कार्य गर्ने ।

ख) जलविद्युत आयोजनाको निर्माण चाहिने Construction पावरको लागि साना जलविद्युत आयोजना वा Thermal Plant निर्माण र संचालन गर्ने ।

ग) जल सम्पदाको खोजी गरी सम्भाव्य भएका विभिन्न स्थानमा जलविद्युत आयोजनाहरुको अनुसन्धान तथा सर्वेक्षण गराउने ।

घ) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान गरी परामर्श सेवा प्रदान गर्ने ।

(७) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :

(क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(ख) प्रयोग भएको वा गरिने प्रविधि : यो परियोजना Run off River मा आधारित जलबिद्युत आयोजना हो । यस परियोजनामा Run off River प्रकारको जलबिद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

(ग) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : सो नभएको ।

(घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : कम्पनीले नेपालको प्रदेश १ को सोलुखुम्बु जिल्लामा बहने सोलुखोलाको पानी उपयोग गरी उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसंग सम्झौता भए अनुसार बिक्री गरि नेपाल भर बिक्री वितरण गर्न सक्नेछ ।

(ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : कम्पनीले उत्पादन गर्ने विद्यतु नेपाल विद्युत प्रधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता भए अनुसार राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गरिनेछ ।

(छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : तल्लो सोलु जलविद्युत आयोजनाको जम्मा उत्पादन क्षमता ८२ मेगावाट रहेको छ र सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत आपूर्ति गरिनेछ । उत्पादित विद्युतलाई नेपाल विद्युत प्रधिकरणको लमाने सब-स्टेशन (तिङ्गला) मा जोडी राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिनेछ ।

(ज) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** प्रदेश १ को सोलुखुम्बु जिल्ला, सोलु दुधकुण्ड नगरपालिका वडा.नं ११ भएर बहने सोलु खोलाको पानी ।

(झ) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

गुण नियन्त्रणको लागि दुई चरणमा व्यवस्था गरिएको छ । पहिलो चरणमा सम्बन्धित ठेकेदारको गुण नियन्त्रको टोलीले परिक्षण कार्य गर्ने गरेको छ । दोस्रो चरणमा कम्पनी कै आन्तरीक गुण नियन्त्रक विभागबाट गुणस्तर कायम राख्नको लागि परिक्षण कार्य गर्ने गरेको छ । साथै आवश्यकता अनुसार वाह्य परामर्शदाता पनि नियुक्त गरेर गुणस्तर परिक्षण गर्ने कार्य गरिरहेको छ ।

(ञ) **अनुसन्धान तथा विकास :** नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागी आवश्यक कार्यहरु भइरहेको ।

(ट) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(ठ) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(ड) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

नेपाल विद्युत प्राधिकरणबाट भाद्र २०८१ मा प्रकाशित प्रतिवेदन (A year in review - Fiscal Year 2023/2024) अनुसार २०२४ मा Total Availability(GWh) विद्युत १३,९६६ मध्ये १,८९५ GWh विद्युत भारतबाट आयात गरिएको अवस्था अनुसार राज्यलाई आवश्यक विद्युत उत्पादनमा हालसम्म पनि आत्मनिरभर हुन नसकेको देखिन्छ । साथै समय सँगै विद्युतको उपभोग वृद्धि हुँदै जाने तथा यस कम्पनीबाट उत्पादित सम्पूर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा बजारको लागि अन्य समान उद्योगहरु बिच प्रतिस्पर्धा नहुने ।

(ढ) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(ण) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :

सि.नं.	विवरण	सप्लायर्सको नाम	कारोबार रकम (अमेरिकी डलर) (क)	कारोबार रकम (ने.रु.) (ख)	कुल कारोबार रकम (ने.रु.) (क + ख)
१	इन्जिनियरिङ्ग,प्रोक्युरमेन्ट एण्ड कन्सट्रक्सन कन्ट्रायक्ट (Engineering, Procurement and Construction, (EPC) Contract)	पटेल इन्जिनियरिङ्ग लि. इण्डिया * (Patel Engineering Ltd. India)	८,७४,८४,८७६/- (ने.रु.९,३२,५०,१२,९३३/-)	३,२७,८०,००,०००/-	१२,६०,३०,१२,९३३/-
२	सिभिल कन्ट्रायक्ट (Civil Contract)	साउथ एसियन इन्फास्ट्रक्चर प्रा. लि.,नेपाल (South Asian Infrastructure Pvt. Ltd. Nepal)	-	१,८१,९३,००,०००/-	१,८१,९३,००,०००/-
३	एच एम कन्ट्रायक्ट (HM Contract)	माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा. लि. (Machhapuchhre Metal and machinery Works P. Ltd.)	-	४७,०१,४५,०८८/-	४७,०१,४५,०८८/-

* कंन्ट्रयाक्टर पटेल इन्जिनियरिङ्ग लि. इण्डिया सँगको कारोबार अमेरिकी डलर र नेपाली रुपैयाँ दुबै मुद्रामा गरेको ।

नोट : अमेरिकी डलरको विनिमयदर

अमेरिकी डलर	नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित मिति २०७२ भाद्र २४ को विनिमयदर
$ १	रु.१०६.५९/-

ग.३.ख. सम्पत्तिको विवरण :

(१) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

रकम रु मा

सम्पत्ति, उपकरण तथा मेशीनरी विवरण (Fixed Assets Register)								
विवरण	**जग्गा (आयोजना निर्माण स्थल)**	**भवन (विशालनगर, काठमाण्डौं)**	**फनिचर तथा फिक्सर (आयोजना निर्माण स्थल तथा प्रधान कार्यालय, काठमाण्डौं)**	**कार्यालय उपकरण (आयोजना निर्माण स्थल तथा प्रधान कार्यालय, काठमाण्डौं)**	**अमूर्त (प्रधान कार्यालय, काठमाण्डौं)**	**सवारी साधन (आयोजना निर्माण स्थल तथा प्रधान कार्यालय, काठमाण्डौं)**	**अन्य उपकरणहरु (आयोजना निर्माण स्थल)**	**जम्मा**
लागतमा								
श्रावण १, २०७८ को मौज्दात	२५३,४५०,४३१	**१७,६४७,६३४**	**५,७६२,८५३**	**८,३४७,५६९**	**१०१,७००**	**२९,९६६,५०७**	**५,०५१,४४५**	**३२०,३२८,१३९**
थप	–	–	१,०१३,१६५	६८२,३७८	२८२,५००	–	–	**१,९७८,०४३**
यस अवधिबाट हटाइएको	–	–	–	–	–	–	–	**–**
कुल लागत	**२५३,४५०,४३१**	**१७,६४७,६३४**	**६,७७६,०१८**	**९,०२९,९४७**	**३८४,२००**	**२९,९६६,५०७**	**५,०५१,४४५**	**३२२,३०६,१८२**
ह्रास								
आषाढ ३१, २०७८ सम्मको ह्रास	–	३,०२१,३४८	२,४०४,९५४	५,७१९,९२८	३८,३४८	१८,०९६,३६१	२,४०५,०२६	**३१,६८५,९६५**
यस अवधिको ह्रास खर्चहरु	–	७३१,३१४	३७३,९४६	५४४,०७७	१८,१०६	२,३७४,०२९	३९६,९६३	**४,४३८,४३५**
यस अवधिबाट हटाइएको	–	–	–	–	–	–	–	–
कुल	**–**	**३,७५२,६६२**	**२,७७८,९००**	**६,२६४,००५**	**५६,४५४**	**२०,४७०,३९०**	**२,८०१,९८९**	**३६,१२४,४००**
आषाढ ३१, २०७९ सम्मको WDV	**२५३,४५०,४३१**	**१३,८९४,९७२**	**३,९९७,११८**	**२,७६५,९४२**	**३२७,७४६**	**९,४९६,११७**	**३९६,९६३**	**२८६,१८१,७८२**
लागतमा								
श्रावण १, २०७९ को मौज्दात	२५३,४५०,४३१	१७,६४७,६३४	६,७७६,०१८	९,०२९,९४७	३८४,२००	२९,९६६,५०७	५,०५१,४४५	**३२२,३०६,१८२**
थप	–	–	१,८००,१५९	१,१४२,३४९	–	–	६,०४२,६०८	**९,७८५,११६**
स्थिर सम्पत्तिको पुनः मुल्याङकन	३५५,९६०	६०२,५९०	–	–	–	–	–	**९५८,५५०**
यस अवधिबाट हटाइएको	–	–	–	–	–	२,२९०,०००	–	**२,२९०,०००**
कुल लागत	**२५३,८०६,३९१**	**१८,२५०,२२४**	**८,५७६,११७**	**१०,१७२,२९६**	**३८४,२००**	**२७,६७६,५०७**	**११,८९४,०५३**	**३३०,७५९,८४९**
ह्रास								
आषाढ ३१, २०७९ सम्मको ह्रास	–	३,७५२,६६३	२,७७८,९००	६,२६४,००५	५६,४५४	२०,४७०,३९०	२,८०१,९८९	**३६,१२४,४०१**
यस अवधिको ह्रास खर्चहरु	–	७०१,५६३	५११,७२१	६४७,८८२	३१,९५५	१,६७३,६४१	१,३०७,१०९	**४,८७३,८७१**
यस अवधिबाट हटाइएको	–	–	–	–	–	१,६०२,१४५	१,६०२,१४५	**१,६०२,१४५**
कुल	**–**	**४,४५४,२२६**	**३,२९०,६२१**	**६,९११,८८७**	**८८,४०९**	**२०,५४१,८८६**	**४,१०९,०९८**	**३९,३९६,१२७**
आषाढ ३१, २०८० सम्मको WDV	**२५३,८०६,३९१**	**१३७९५९९८**	**५२८५५५६**	**३२६०४०९**	**२९५७९१**	**७१३४६२१**	**७७८४९५५**	**२९१,३६३,७२२**
लागतमा								
श्रावण १, २०८० को मौज्दात	**२५३,८०६,३९१**	**१८,२५०,२२४**	**८,५७६,१७७**	**१०,१७२,२९६**	**३८४,२००**	**२७,६७६,५०७**	**११,८९४,०५३**	**३३०,७५९,८४८**
थप			**१,३४८,२४९**	**३,६१३,६०६**			**३,४५१,७८२**	**८,४१३,६३८**
स्थिर सम्पत्तिको पुनः मुल्याङकन	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**
यस अवधिबाट हटाइएको	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**
कुल लागत	**२५३,८०६,३९१**	**१८,२५०,२२४**	**९,९२४,४२६**	**१३,७८५,९०२**	**३८४,२००**	**२७,६७६,५०७**	**१५,३४५,८३५**	**३३९,१७३,४८६**
ह्रास								
आषाढ ३१, २०८० सम्मको ह्रास	**–**	४,४५४,२२६	३,२९०,६२१	६,९११,८८७	८८,४०९	२०,५४१,८८६	४,१०९,०९८	३९,३९६,१२७
यस अवधिको ह्रास खर्चहरु	**–**	६८९,८००	६०९,७२९	९३४,५०७	२९,५७९	१,४२६,९२४	१,२३४,३६७	४,९२४,९०६
यस अवधिबाट हटाइएको	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**	**–**
कुल	**–**	**५,१४४,०२६**	**३,९००,३५०**	**७,८४६,३९४**	**११७,९८८**	**२१,९६८,८१०**	**५,३४३,४६५**	**४४,३२१,०३३**
असार, २०८१ सम्मको WDV	**२५३,८०६,३९१**	**१३,१०६,१९८**	**६,०२४,०७६**	**५,९३९,५०८**	**२६६,२१२**	**५,७०७,६९७**	**१०,००२,३७१**	**२९४,८५२,४५३**

(२) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी सम्झौता अवधी पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

(३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** ऋण सम्झौता उल्लेख भएको शर्तानुसार, परियोजनाको सम्पुर्ण सम्पत्तिहरु र भविष्यमा सिर्जना हुने सम्पत्तिहरु सेक्युरिटी एजेन्ट प्राईम कमर्सियल बैंक लि.मा धितोमा रहेको छ ।

(४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** आयकर ऐन, २०५८ को दफा ५७ मा भएको व्यवस्था बमोजिम कुनै पनि निकायको विगत तिन बर्ष अघिसम्मको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफुले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ ।

मिति २०७९/०६/०२ मा Essel Infraprojects Ltd, India र मिति २०७९/०९/२५ मा Green Valley Hydropower Investment Pvt. Ltd. ले आफ्नो स्वामित्व अन्य व्यक्तिलाई बिक्रि गरे पश्चात कम्पनीको स्वामित्व ५०% ले परिवर्तन भएकोले आयकर ऐन, २०५८ मा व्यवस्था भए बमोजिम मिति २०७९/०९/२५ मा सम्पत्ति र दायित्व पूनर्मुल्याङ्कन गरि वित्तिय विवरण तयार गरिएको छ । सोही व्यवस्था बमोजिम परियोजना निर्माणाधिन क्रममा नै रहेकाले परियोजना स्थलमा रहेको जग्गा र काठमाण्डौं स्थित बिशालनगरमा रहेको भवन (अपार्टमेन्ट) मात्रको पूनर्मुल्याङ्कन गरिएको र पूनर्मुल्याङ्कन पश्चात् रु.९,५८,५५० (अक्षरेपी नौ लाख अन्ठाउन्न हजार पाच सय पचास) लाई Revaluation Reserve अर्न्तगत वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

(५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** स्वतन्त्र मूल्याङ्कनकर्ता आर.बि.आर कन्सल्टेन्सी प्रा.लि. (R.B.R. Consultancy Pvt. Ltd.) द्वारा उचित बजार मूल्यमा (FMV) पूनर्मुल्याङ्कन गरिएको ।

ग.३.ग. भावी योजना तथा रणनीति :

(१) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :

(क) कम्पनीको मुख्य उद्देश्य कम्पनीको प्रबन्धपत्र को दफा ४ तथा यस विवरण पत्रको दफा ३ क को ५ को छ मा उल्लेख भए बमोजिम रहेको छ ।

(ख) कम्पनीले निमार्णको क्रममा रहेको ८२ मे.वा.आयोजनालाई निर्धारित समयमा नै सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

(ग) कम्पनीले नेपाल सरकारको नियम कानुनको अधिनमा रहि नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने हेतु नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी थप आयोजनाहरु समेत निर्माण गर्ने लक्ष्य लिएको छ ।

(घ) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने छ ।

(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :

नेपाल विद्युत प्राधिकरणबाट भाद्र २०८१ मा प्रकाशित प्रतिवेदन (A year in review - Fiscal Year 2023/2024) अनुसार २०२४ मा Total Availability(GWh) विद्युत १३,९६६ मध्ये १,८९५ GWh विद्युत भारतबाट आयात गरिएको अवस्था अनुसार राज्यलाई आवश्यक विद्युत उत्पादनमा हालसम्म पनि आत्मनिरभर हुन नसकेको देखिन्छ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठूलो खाडल रहेको छ । देशको कतिपय स्थानहरुमा बिजुली पुऱ्याउनु पर्ने अवस्था अझै विद्यमान रहेकोले राज्यलाई आवश्यक पर्ने विद्युत उत्पादनको आवश्यकता अत्याधिक रहेको छ । यस सन्दर्भमा कम्पनीको आयोजनाले उत्पादन गर्ने विद्युतको बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरण सँग भईसकेको हुनाले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा रहेको छैन ।

ग.३.घ.सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	५ जना
सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालक	१ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोट : हाल यस कम्पनीमा सर्वसाधारण समूहबाट १ जना तथा स्वतन्त्रबाट १ जना गरी २ जना सञ्चालकको पद रिक्त रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय)कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

ग.४.पुँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

अधिकृत पुँजी: कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/–(अक्षरेपी दस अर्ब रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले १०,००,००,००० (दस करोड)थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

जारी पुँजी: कम्पनीको जारी पूँजी रु १०,००,००,००,०००/–(अक्षरेपी दस अर्ब रुपैंया) रहेको छ। उक्त पूँजीलाई रु.१००/– का दरले १०,००,००,००० (दस करोड) थान शेयरमा बिभाजन गरिएको छ ।

चुक्ता पुँजी: कम्पनीले आफ्नो जारी पूँजीमध्ये ८,००,००,००० थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब रुपैंया)कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको छ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ । *

विवरण	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)
आ.व. २०७१/७२	१,९०,००,००,०००	३८,२५,००,०००	६०,१२,२४,५००
आ.व. २०७२/७३	५,००,००,००,०००	५,००,००,००,०००	१,५१,५५,१०,२०४
आ.व. २०७३/७४	५,००,००,००,०००	५,००,००,००,०००	२,२५,०२,०४,०८०
आ.व. २०७४/७५	५,००,००,००,०००	५,००,००,००,०००	२,२९,७६,१६,३२५
आ.व. २०७५/७६	५,००,००,००,०००	५,००,००,००,०००	२,२९,७६,१६,३२५
आ.व. २०७६/७७	५,००,००,००,०००	५,००,००,००,०००	२,६५,३५,३४,६९४
आ.व. २०७७/७८	५,००,००,००,०००	५,००,००,००,०००	२,६५,३५,३४,६९४
आ.व. २०७८/७९	६,२५,००,०००००	६,२५,००,०००००	२,६५,३५,३४,६९४
आ.व. २०७९/८०	६,२५,००,०००००	६,२५,००,०००००	४,८८,२७,५९,६०४
आ.व. २०८०/८१	१०,००,००,००,०००	१०,००,००,००,०००	८,००,००,००,०००

*****कम्पनीको शेयरधनी दर्ता किताव बमोजिमको विवरण ।

(ख) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र.सं	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम(रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	८,००,००,०००	८,००,००,००,०००	८०%	शत्प्रतिशत
२.	सर्वसाधारण शेयरधनी	२,००,००,०००	२,००,००,००,०००	२०%	बाँकी
	जम्मा	**१०,००,००,०००**	**१०,००,००,००,०००**	१००%	

नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

१.आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण :

क्र.सं.	नाम/ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	अनुभव (सम्बन्धी) जलविद्युत क्षेत्रको	अनुभव (अन्य क्षेत्रको)
१	श्री गोविन्द लाल संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	६१	नेपाली	६५,३१,७००	८.१६%	आई.कम.	-	-श्री पशुपति सिमेन्ट प्रा.लि., अध्यक्ष -नेपाल टी डेभलपमेन्ट कर्पोरेसन, संचालक -त्रिवेणी दाल एण्ड ओएल इन्डस्ट्रिज प्रा.लि., संचालक -त्रिवेणी फिड इन्डस्ट्रिज प्रा.लि., संचालक -त्रिवेणी प्लास्टो पोलिर्मस्प्रा.लि., संचालक -नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि., अध्यक्ष
२	श्री राम चन्द्र संघाई का.जि.का.म.न.पा. वडा नं. २४, काठमाण्डौं ।	संस्थापक	६४	नेपाली	३९,४४,७००	४.९३%	आई.कम.	-	-त्रिवेणी इस्पइनिड मिल्स्प्रा.लि., अध्यक्ष -गौरी शंकर ग्यास उद्योग प्रा.लि.,अध्यक्ष -जि.पी डिष्ट्रिब्युटर प्रा.लि., अध्यक्ष -सिद्धार्थ ग्यास उद्योग प्रा.लि., संचालक -नवज्योति ग्यासेस् प्रा.लि., संचालक
३	श्री बिरेन्द्र कुमार संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	६८	नेपाली	३९,३३,७००	४.९२%	आई.कम.	ग्रीन भेन्चर्स लिमिटेड, अध्यक्ष	- अन्नपूर्ण भेजिटेवल प्रोडक्टर्स प्रा.लि.,संचालक -महालक्ष्मी सोलभेन्ट एण्ड रिफाइनरी प्रा.लि., अध्यक्ष -नव ज्योति ग्यासेस प्रा.लि., अध्यक्ष -त्रिवेणी दाल एण्ड ओएल इन्डस्ट्रिज प्रा.लि., अध्यक्ष
४	श्री आदित्य संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संचालक	३९	नेपाली	३५,५३,०००	४.४४%	वि.कम	-	-घोराही सिमेन्ट इन्डस्ट्रिज लि., संचालक -श्री पशुपति सिमेन्ट प्रा.लि., संचालक -एस.डि.पि.एल.ट्रेड प्रा.लि., संचालक -गोपालजी प्रोप्रर्टिज प्रा.लि., संचालक -टी.जी होल्डीङ प्रा.लि., संचालक
५	श्री अनुज अग्रवाल का जि. का.म.न.पा वडा नं. १, काठमाण्डौं ।	संस्थापक	५१	नेपाली	३३,००,०००	४.१३%	एमबिए	-	- नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि., अध्यक्ष -युनाइटेड डिस्ट्रीब्युर्टस् नेपाल प्रा.लि.,अध्यक्ष -इन्डेक्स डिस्ट्रीब्युर्टस प्रा.लि., अध्यक्ष
६	श्री विशाल अग्रवाल	संचालक	४८	नेपाली	३२,९०,०००	४.११%	एमबिए	-	-आइ जि आइ प्रुडेन्सियल इन्स्योरेन्स कं.लि., संचालक -पूजा इन्टरनेशनल नेपाल प्रा.लि., अध्यक्ष

	का जि. का.म.न.पा वडा नं. २, काठमाण्डौं ।								-विशाल ग्रुप लि., संचालक -यति ब्रुवरी प्रा.लि., संचालक -पूजा कन्सट्रक्सन नेपाल प्रा.लि., अध्यक्ष
७	श्री सुभाष चन्द्र संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	अध्यक्ष	७१	नेपाली	३२,६६,७००	४.०८%	आई.कम.	-	-नेपाल टी डेभलपमेन्ट कर्पोरेसन, कार्यकारी अध्यक्ष -गणेश हिमाल टी इस्टेट प्रा.लि., अध्यक्ष -हल्दीबारी टी प्रोसेसिङ प्रा.लि., अध्यक्ष -त्रिवेणी फिड इन्डस्ट्रिज प्रा.लि., अध्यक्ष -त्रिवेणी प्लास्टो पोलिर्मस्प्रा.लि., अध्यक्ष
८	श्री हर्ष बर्दन संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	३७	नेपाली	३२,६६,०००	४.०८%	बि.एससी	-	-जि.पी डिष्ट्रीब्युटर प्रा.लि., संचालक -जि.पी ट्रेडिङ प्रा.लि., संचालक -हिमालयन नेपाल टी इन्डस्ट्रिज प्रा.लि.., संचालक -टी.जी. होल्डीङ प्रा.लि., संचालक
९	श्री निकुञ्ज अग्रवाल का जि. का.म.न.पा वडा नं. २, काठमाण्डौं	संस्थापक	४२	नेपाली	३१,२५,०००	३.९१%	स्नातकोत्तर	-	-भि.जी.अटोमोबिल्स्प्रा.लि., अध्यक्ष -एडभान्स अटोमोबिल्स् प्रा. लि., अध्यक्ष -कमला रोल्ङ्ग मिल्स्प्रा.लि., संचालक -श्री गणेश प्रोप्रटीज एण्ड इन्भेष्टमेन्ट प्रा.लि., संचालक
१०	श्री पुरुषोत्तम लाल संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	८०	नेपाली	२९,५४,७००	३.६९%	आई.कम.	-	-घोराही सिमेन्ट इन्डस्ट्रिज प्रा.लि., अध्यक्ष -विश्वकर्मा माइन्स्एण्ड मिनिरल्स् प्रा.लि., अध्यक्ष -त्रिवेणी फलेक्सोपेक प्रा.लि., अध्यक्ष -त्रिवेणी स्निप्याकस्प्रा.लि., संचालक -त्रिवेणी प्रोप्रर्टिज प्रा.लि., अध्यक्ष -एस.डि.पि.एल.ट्रेड प्रा.लि., अध्यक्ष -टि.जी.ट्रेड कर्न्सन प्रा.लि., अध्यक्ष
११	श्री अनुज राठी मोरङ जिल्ला, विराटनगर वडा नं. १२ ।	संस्थापक	४७	नेपाली	२६,७२,३६९	३.३४%	स्नातक	-	करिव २० वर्ष भन्दा बढीको व्यवसायिक अनुभव
१२	श्री शैलेश संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	४०	नेपाली	२५,८८,०००	३.२४%	एमबिए	-	-त्रिवेणी व्यापार कं.प्रा.लि., अध्यक्ष -टाइटन इन्टरनेशनल प्रा.लि., अध्यक्ष -आर.संघई इन्भेष्टमेन्ट प्रा.लि., अध्यक्ष
१३	श्री नितेश अग्रवाल सुनसरी जिल्ला, धरान वडा नं. ५	संस्थापक	४९	नेपाली	५६,७५,०४०	७.०९%	स्नातक	-	-मिलियुम इन्टरनेशनल ललसी, दुबई, युएई ,म्यानेजर/पार्टनर -पारामाउण्ट डिष्ट्रीब्युटर डिएमसिसि, दुबई, युएई, म्यानेजर -पारामाउण्ट टेलिकम एफजेडका, दुबई, युएई, म्यानेजर

१४	श्री सकेत संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संस्थापक	२८	नेपाली	२५,७४,०००	३.२२%	बि.बि.ए	-	-मंगलम टी इस्टेट प्रा.लि.,अध्यक्ष
१५	श्री अर्पित अग्रवाल का जि. का.म.न.पा वडा नं. २, काठमाण्डौं	संस्थापक	३५	नेपाली	२४,३५,०००	३.०४%	स्नातकोत्तर	-	- आइ जि आइ प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि., संचालक -इन्डेक्स डिष्ट्रीब्युटर प्रा.लि., संचालक -विशाल मिनिरल्स्एण्ड माइन्स्प्रा.लि., अध्यक्ष
१६	श्री विन्दवासिनी ग्लोबल प्रा.लि. का जि. का.म.न.पा वडा नं. ३१, काठमाण्डौं ।	संस्थापक	लागु नहुने	लागु नहुने	२३,१८,०००	२.९०%	लागु नहुने	लागु नहुने	लागु नहुने
१७	श्री अशोक कुमार अग्रवाल सुनसरी जिल्ला, धरान वडा नं ५	संस्थापक	६३	नेपाली	२०,५०,०००	२.५६%	बि.कम	-	-लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि., संचालक -प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कं. प्रा.लि., अध्यक्ष -इर्मेजिङ नेपाल लि., संचालक
१८	श्री शालिमार इनभेष्टमेन्ट क.प्रा.लि. विरगजं वडा नं. १३, पर्सा ।	संस्थापक	लागु नहुन	लागु नहुने	१९,६८,०००	२.४६%	लागु नहुने	लागु नहुने	लागु नहुने
१९	श्री अनुपम राठी मोरङ जिल्ला, विराटनगर वडा नं. १२ ।	संस्थापक	४९	नेपाली	१५,०६,२७०	१.८८%	स्नातक	-	करिब २० वर्ष भन्दा बढीको व्यवसायिक अनुभव
२०	श्री विरेन्द्र राठी मोरङ जिल्ला, विराटनगर वडा नं. १२	संस्थापक	३८	नेपाली	१४,२५,०००	१.७८%	स्नातक	-	करिब २० वर्ष भन्दा बढीको व्यवसायिक अनुभव
२१	श्री तुल्सी राम अग्रवाल मोरङ जिल्ला, विराटनगर वडा नं. ९	संस्थापक	७४	नेपाली	९,२५,०००	१.१६%	बि.कम	-	-एन.आइ.सि एसिया बैंक लि., अध्यक्ष -मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि., संचालक
२२	श्री आलोक राठी मोरङ जिल्ला, विराटनगर वडा नं. १२	संस्थापक	३७	नेपाली	८,५५,०००	१.०७%	स्नातक	-	करिब २० वर्ष भन्दा बढीको व्यवसायिक अनुभव
२३	श्री अमित कुमार बेगानी का.जि.का.म.न.पा. वडा नं. १, काठमाण्डौं	संस्थापक	४८	नेपाली	८१९५२५	१.०२%	स्नातक	-	करिब २० वर्ष भन्दा बढीको व्यवसायिक अनुभव
२४	श्री सिद्धान्त बेगानी का.जि.का.म.न.पा. वडा नं. १, काठमाण्डौं	संस्थापक	२८	नेपाली	८१९५२५	१.०२%	स्नातक	-	-

संचालकहरुको विवरण

क्र.स.	नाम/ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	अनुभव (जलविद्युत क्षेत्र सम्बन्धी)	अनुभव (अन्य क्षेत्रको)
१	श्री सुभाष चन्द्र संघई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं	अध्यक्ष	७१	नेपाली	३२,६६,७००	४.०८%	आई.कम.	-	-नेपाल टी डेभलपमेन्ट कर्पोरेसन, कार्यकारी अध्यक्ष (मिति २०५७/०३/२३ देखी हाल सम्म) -गणेश हिमाल टी इस्टेट प्रा.लि., अध्यक्ष (मिति २०६५/०८/०३ देखी हाल सम्म) -हल्दीबारी टी प्रोसेसिङ प्रा.लि., अध्यक्ष (मिति २०६९/०२/०१ देखी हाल सम्म) -त्रिवेणी फिड इन्डस्ट्रिज प्रा.लि., अध्यक्ष (मिति २०६६/०५/१० देखी हाल सम्म) -त्रिवेणी प्लास्टो पोलिर्मस्प्रा.लि., अध्यक्ष (मिति २०६७/०९/२२ देखी हाल सम्म)
२	श्री विशाल अग्रवाल का.जि.का.म.न.पा. वडा नं. २, काठमाण्डौं	संचालक	४८	नेपाली	३२,९०,०००	४.११%	एमबिए	-	-आइ जि आइ प्रुडेन्सियल इन्स्योरेन्स कं.लि., संचालक (मिति २०८०/०१/२७ देखी हाल सम्म) -पूजा इन्टरनेशनल नेपाल प्रा.लि., अध्यक्ष (मिति २०७९/०९/२८ देखी हाल सम्म) -विशाल ग्रुप लि., संचालक (मिति २०७८/०७/२३ देखी हाल सम्म) -यति ब्रुवरी प्रा.लि., संचालक (मिति २०७९/१२/२२ देखी हाल सम्म) -पूजा कन्सट्रक्सन नेपाल प्रा.लि., अध्यक्ष (मिति २०७९/०९/२८ देखी हाल सम्म)
३	श्री विजय सिंह बैद्य पर्सा जिल्ला, विरगंज वडा नं. ७, (प्रतिनिधि शालिमार इनभेष्टमेन्ट क. प्रा. लि.)	संचालक	६१	नेपाली	७,०७,०९०	०.८८%	आई.कम.	-	-शालिमार गुप्र, निर्देशक -करिब ३५ बर्ष भन्दा बढीको व्यापार तथा उद्योगको अनुभव रहेको र सिमेन्ट,दलहन, अलौह धातु, स्टिल,आतिथ्य र हार्डवेयर सम्बन्धी व्यापारमा आबद्ध रहेको ।
४	श्री आदित्य संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संचालक	३९	नेपाली	३५,५३,०००	४.४४%	बि.कम	-	-घोराही सिमेन्ट इन्डस्ट्रिज लि., संचालक (मिति २०७७/१२/१५ देखी हाल सम्म) -एस.डि.पि.एल.ट्रेड प्रा.लि., संचालक (मिति २०७१/०७/१७ देखी हाल सम्म) -गोपालजी प्रोप्रर्टिज प्रा.लि., संचालक (मिति २०७६/०८/२७ देखी हाल सम्म) -टी.जी होल्डीङ प्रा.लि., संचालक (मिति २०७६/०९/०९ देखी हाल सम्म)

५	श्री त्रिलोक चन्द अग्रवाल, धरान वडा नं.५, सुनसरी	संचालक	७५	नेपाली	७,६०,०००	०.९५%	बि.कम	-	-एन.आइ.सि एसिया बैंक लि., संचालक (मिति २०७८/१२/२० देखी हाल सम्म) -मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि., संचालक (मिति २०८०/०३/१९ देखी हाल सम्म)

नोट : हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको । अत: यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६ (२) अनुसार संचालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ ।

(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण रउक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

क्र.स.	संस्थापक कम्पनीको नाम, ठेगाना	विवरण	संचालकहरुको नाम, ठेगाना
१	श्री विन्धवासिनी ग्लोबल प्रा.लि. का जि. का.म.न.पा वडा नं ११, काठमाण्डौं	बि.सं.२०४३/०८/२४ मा स्थापना भएको । दर्ता नं. २४९७/०४३ रहेको । मुख्य गरी रेडिमेड कपडाको उत्पादन र निर्यात गर्नु यसको उद्देश्य रहेको छ ।	श्री नरपत सिंह जैन, काठमाण्डौं
२	श्री शालीमार इन्भेष्टमेन्ट कंम्पनी प्रा.लि. पर्सा जिल्ला, विरगजं म.न.पा. वडा नं १०	बि.सं.२०६९/०१/२६ मा स्थापना भएको । दर्ता नं. ९३०१०/०६८/०६९ रहेको । मुख्य गरी उत्पादन क्षेत्र, सेवा क्षेत्र, निर्माण क्षेत्र, खानी, जलविद्युत क्षेत्र आदिमा लगानी गर्नु यसको उद्देश्य रहेको छ ।	श्री जिवन कुमार अग्रवाल,मोरङ श्री अशोक कुमार बैद्य,पर्सा श्री राज कुमार बैद्य,पर्सा श्री बिजय सिंह बैद्य,पर्सा ।
३	श्री त्रिवेणी ईनर्जी प्रा.लि. का.म.न.पा वडा नं ३१,पुतलीसडक, काठमाण्डौं	बि.सं.२०६४/०४/२४ मा स्थापना भएको । दर्ता नं. ४७३६८/०६४/०६५ रहेको । कम्पनीले गर्ने कारोबार सेवामुलक तथा व्यापारमुलक रहेको छ ।	श्री सुभाष चन्द्र संघई, काठमाण्डौं । श्री विरेन्द्र कुमार संघई, काठमाण्डौं ।
४	श्री नेपाल हाइड्रोडेभलपर लि. का.म.न.पा वडा नं ३३,डिल्लीबजार, काठमाण्डौं	बि.सं.२०७१/०३/३१ मा स्थापना भएको । दर्ता नं. १२४२९५/०७०/०७१ रहेको । कम्पनीले गर्ने कारोबार सेवामुलक तथा व्यापारमुलक रहेको छ ।	श्री कुमुद कुमार दुगड,काठमाण्डौं । श्री अनन्त मुरारका, काठमाण्डौं । श्रीमती पुजा अटल, बिराटनगर । श्री भोला श्रेष्ठ, काठमाण्डौं । श्री डि.जि.एस इन्भेष्टमेन्ट क.प्रा.लि., काठमाण्डौं ।
५	श्री इन्फिनिटि हाउजिङ एण्ड इनभेष्टमेन्ट प्रा.लि. का.म.न.पा वडा नं २९,काठमाण्डौं	बि.सं.२०७८/०६/२४ मा स्थापना भएको । दर्ता नं. २७४७६७/०७८/०७९ रहेको । कम्पनीले गर्ने कारोबार सेवामुलक तथा व्यापार मुलक रहेको छ ।	श्री सुमन अग्रवाल, काठमाण्डौं । सुश्री पुनम कुमारी टिवडेवाल,विरगंज । श्री प्रकाश अग्रवाल, बिराटनगर । श्री रोहित अग्रवाल,बिराटनगर । श्री गोपाल अग्रवाल,ललितपुर ।

(३) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :

क्र.स.	संचालकको नाम, ठेगाना	आबद्ध रहेको संस्थाको नाम, ठेगाना
१.	श्री सुभाष चन्द्र संघई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं	कार्यकारी अध्यक्ष - नेपाल टी डेभलपमेन्ट कर्पोरेसन,पुतलीसडक,काठमाण्डौं । अध्यक्ष - गणेश हिमाल टी इस्टेट प्रा.लि., पुतलीसडक,काठमाण्डौं । अध्यक्ष - हल्दीबारी टी प्रोसेसिङ प्रा.लि.,पुतलीसडक,काठमाण्डौं । अध्यक्ष - त्रिवेणी फिड इन्डस्ट्रिज प्रा.लि., पुतलीसडक,काठमाण्डौं । अध्यक्ष - त्रिवेणी प्लास्टो पोलिर्मस् प्रा.लि., पुतलीसडक,काठमाण्डौं ।
२.	श्री विशाल अग्रवाल का.जि.का.म.न.पा. वडा नं. २, काठमाण्डौं	संचालक - आइ जि आइ प्रुडेन्सियल इन्स्योरेन्स कं.लि.,नक्साल, काठमाण्डौं । अध्यक्ष - पूजा इन्टरनेशनल नेपाल प्रा.लि., थापाथली, काठमाण्डौं । संचालक - विशाल ग्रुप लि., थापाथली, काठमाण्डौं । संचालक - यति ब्रुवरी प्रा.लि., थापाथली, काठमाण्डौं । अध्यक्ष - पूजा कन्सट्रक्सन नेपाल प्रा.लि., थापाथली, काठमा(डौं ।
३.	श्री विजय सिंह बैद्य विरगंज,वडा नं. ७, पर्सा	निर्देशक -शालिमार गुप्र, पर्सा, विरगंज ।
४.	श्री आदित्य संघाई का.जि.का.म.न.पा. वडा नं. २५, काठमाण्डौं ।	संचालक- घोराही सिमेन्ट इन्डस्ट्रिज लि., थापाथली, काठमाण्डौं । संचालक- एस.डि.पि.एल.ट्रेड प्रा.लि., पुतलीसडक,काठमाण्डौं । संचालक- गोपालजी प्रोप्रर्टिज प्रा.लि., पुतलीसडक,काठमाण्डौं । संचालक- टी.जी होल्डीङ प्रा.लि., पुतलीसडक,काठमाण्डौं ।
५.	श्री त्रिलोक चन्द अग्रवाल, धरान वडा नं.५, सुनसरी	संचालक- एन.आइ.सि एसिया बैंक लि., थापाथली, काठमाण्डौं । संचालक -मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि., थापाथली, काठमाण्डौं ।

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सचीकृत संगठित संस्थाहरुको संस्थागत सशुासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्णरुपमा पालना भएको ।

(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

क) कम्पनी ऐन,कम्पनीको प्रबन्ध पत्र र नियमावलीको अधिनमा रही कम्पनीको शेयर धितो बन्धक राख्न बिक्रि गर्न वा अन्य कुनै व्यहोराले हक छाडि दिन सक्नेछ ।

ख) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था कम्पनी कानुन र धितोपत्र कारोवार सम्बन्धी कानुन तथा प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।
"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोबार :

१. संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण : सो नभएको ।

२. बुँदा (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :आवश्यक नभएको ।

ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

ग.७.क.संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :

१. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण :

क्र.सं.	उच्च व्यवस्थापकको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	श्री ज्ञानेन्द्र प्रताप सिंह	प्रमुख कार्यकारी अधिकृत	बि.ई.(सिभिल)	२०८०/१२/२६	जलविद्युत आयोजना निर्माण तथा नवीकरणीय उर्जामा ३३ बर्ष भन्दा बढीको अनुभव	नरहेको ।
२	श्री रमण सिंह	परियोजना निर्देशक	बि.ई.(सिभिल)	२०७८/१०/०१	विभिन्न जलविद्युत आयोजना र पुर्वाधार आयोजना निर्माणमा २४ बर्ष भन्दा बढीको अनुभव	नरहेको ।

२. **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारी अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम :**
माथि उल्लेखित उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु कुनै पनि सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको ।

३. विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :

क्र.स.	नम	पद	राजिनामा दिएको मिति
१.	श्री अश्वानी दिवान	प्रमुख कार्यकारी अधिकृत	२०८०/११/०२

४. कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

स्थायी	अस्थायी	करार	ज्यालादारी	अन्य	कुल कर्मचारी संख्या
९५	-	-	–	–	९५

ग.७.ख. संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

१. **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :** संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई हाल सम्म कुनै पनि प्रकारको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा प्रदान नगरिएको ।

२. संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

सि.नं.	नाम	पद	एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.)	आर्थिक वर्ष
१.	श्री ज्ञानेन्द्र प्रताप सिंह *	प्रमुख कार्यकारी अधिकृत	३३,४६,११३	२०८०/८१
२.	श्री रमण सिंह	परियोजना निर्देशक	९०,६४,८७६	२०८०/८१
३.	श्री अश्वानी दिवान **	प्रमुख कार्यकारी अधिकृत	९८,८२,९७४	२०८०/८१

* प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रताप सिंह २०८०/१२/२६ मा नियुक्त हुनु भएको ।

** श्री अश्वानी दिवान ज्यूले प्रमुख कार्यकारी अधिकृत पदबाट २०८०/११/०२ राजिनामा दिनुभएको ।

३. कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

ग.८. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** आयोजनाको निमार्ण कार्य सम्पन्न भई सकेका कारण वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखीम :** आयोजनाको निमार्ण कार्य सम्पन्न भई सकेको हुनाले मूल्य अभिबृद्धिको जोखीम नरहेको ।

(ङ) **विदेशी विनीमयको जोखिम :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न भएको विद्युत खरिद बिक्री सम्झौताको दफा १३

मा उल्लेखित बमोजिम व्यापारिक उत्पादन मिति (Commercial Operation Date) देखि १० वर्ष सम्म कम्पनीले बुझाएको बिलको ५५ प्रतिशत भुक्तानी विदेशी मुद्रा अमेरिकी डलरमा गरिने तथा सोही दफामा उल्लेखित खरीद दर अनुसार नेपाली रुपैयाँमा प्राप्त बिलको भुक्तानी गर्दा अमेरीकी डलरको तुलनामा नेपाली रुपैयाँ (मिति २०७०/०७/१२ को नेपाल राष्ट्र बैंकबाट प्रकाशित) को बिक्री दर रु.९८.६८ प्रति अमेरिकी डलरमा स्थिर राखिएकोले विदेशी विनीमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :**

क्षेत्रीयकरण र विश्वव्यापीरकण **(Globalization)** का कारणबाट उत्पन्न हुन सक्ने जोखीम निम्नकारणले नरहेको :

- आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच भएको विद्युत खरिद बिक्री सम्झौताले कम्पनीको स्थिर आयको सुनिश्चितता गरेको ।
- कम्पनी र कन्ट्याक्टरहरु बिच सम्पन्न भएको सम्पुर्ण ठेक्का सम्झौता निश्चित रकम र समयका लागि भएको ।
- आयोजनाको इलेक्ट्रोमेकानिकल उपकरणहरु जडान भईसकेको र निमार्णको क्रममा रहेको संरचनालाई आवश्यक पर्ने संशाधनहरु स्वदेशमा नै उपलब्ध हुने भएकोले ।

ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**

– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
– कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :** कम्पनीको उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुसँग विभिन्न जलविद्युत आयोजना र पुर्वाधार आयोजना निर्माणको प्रयाप्त अनुभव भएकाले यस्तो जाखिम नरहेको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखीम** : कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकिएको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरणको Insurance गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्युन भएको ।

(ट) **अन्य :**

– प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट आयोजनाका संरचनाहरूमा क्षती पुग्न गएमा ।
– अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

